का.जि.प्र.का.द.नं. १००/०५९/६०
१६ माघ २०८१,
बुधबार
29 January, 2025
Wednesday
मूल्य रु. ५/-


# मध्यान्ह
राष्ट्रिय दैनिक

इपेपर हेर्न

वर्ष २२, अंक ३४१। पृष्ठ ८ | Madhyanha National Daily | www.madhyanhadaily.com

# नागरिक आवाज रोक्ने प्रयास

बोले, लेखेकै आधारमा वा कसैका बोली वा लेख लाइक, कमेन्ट, सेयर, पोष्ट, रिपोष्ट गरेकै कारण फौजदारी अभियोग लाग्नेसम्मका प्रावधान लागू गर्न खोजेको छ ।





सामाजिक सञ्जाल विधेयकको अभिप्राय नागरिकको बोली नियन्त्रण गर्ने र पत्रकारलाई जेल सम्झाएर हतोत्साहित बनाउने देखिन्छ ।

**शिव गाउँले**
पूर्वअध्यक्ष
नेपाल पत्रकार महासंघ



प्रस्तावित विधेयक नै कानुन बने सामाजिक सञ्जाल नियमन नभई नागरिकको बोल्न पाउने संवैधानिक हक नियन्त्रण र प्रेसको व्यावसायिक दायरा संकुचित हुनेछ ।

**सुधिर शर्मा**
वरिष्ठ पत्रकार

**जानकी पाठक/मध्यान्ह**
काठमाडौं, १५ माघ ।

लोकतन्त्रमा नागरिकले आफूलाई लागेका कुरा निर्वाध राख्न सक्ने विश्वास गरिन्छ। नागरिकका बुझाइ, तर्क र आलोचना समेतका आधारमा जनप्रतिनिधिले निर्णय लिने भएकाले लोकतन्त्रलाई अधिकतम जनताको मत सम्बोधन हुने शासन पद्धतिको रुपमा लिइन्छ।

तर, सरकारले लोकतन्त्रको न्युनतम मूल्य मान्यतामै प्रहार गर्ने गरी सामाजिक सञ्जाल सम्बन्धी विधेयक ल्याएको छ । बोले, लेखेकै आधारमा वा कसैका बोली वा लेख लाइक, कमेन्ट, सेयर, पोष्ट, रिपोष्ट गरेकै कारण फौजदारी अभियोग लाग्नेसम्मका प्रावधान लागू गर्न खोजेको छ।

नेपाल पत्रकार महासंघका पूर्व अध्यक्ष शिव गाउँले विधेयकको नियत सही नदेखिएको बताउँछन् । उनी भन्छन्, 'सामाजिक सञ्जाल विधेयकको अभिप्राय नागरिकको बोली नियन्त्रण गर्ने र पत्रकारलाई जेल सम्झाएर हत्तोत्साहित बनाउने देखिन्छ ।'

दफा दफामा फराकिलो अर्थ बोक्ने शब्द राखेर ल्याइएको विधेयकले अहिलेसम्म प्रेस काउन्सिलले आचार संहितामा गरिरहेको पत्राचारको विषयवस्तुलाई आपराधिक करार गर्ने प्रावधान राखिएको उनको बुझाइ छ।

वरिष्ठ पत्रकार सुधिर शर्मा पनि विधेयकको विरोध गरेका छन्। उनी भन्छन्, 'यो विधेयक पृष्ठ २ मा

# क्रियाशील सदस्यता
# कांग्रेसमा सदाबहार समस्या

**निमिष झा/मध्यान्ह**
काठमाडौं, १५ माघ

नेपाली कांग्रेसमा क्रियाशील सदस्यता सदाबहार र दीर्घ रोगको रूपमा रहेको देखिन्छ।

पार्टी भित्रको गुटबन्दी र आफ्ना कार्यकर्तालाई नेता बनाउन पार्टी भित्र क्रियाशील सदस्यता कहिल्यै नटुंगिने विषय बनेको हो।

मतपरिणामको जोडघटाउमा समेत निर्णायक बन्ने भएकाले क्रियाशील सदस्यता वितरणमा कांग्रेसभित्र चर्को राजनीति र गुटबन्दी हुने गर्छ।

क्रियाशील सदस्यता नेपाली कांग्रेसमा महाधिवेशनको प्रस्थानविन्दु हो। तर यो प्रस्थानविन्दु यति विवादित बनेको छ कि पार्टीको १२औं महाधिवेशनदेखि निरन्तर रहँदै आएको छ।

कांग्रेसमा वडादेखि केन्द्रीय कार्यसमितिमा प्रवेश पाउन क्रियाशील सदस्य रहेकै हुनुपर्छ। नत्र महाधिवेशनमा उम्मेदवार बन्न र तहगत समितिमा बसेर काम गर्न पाइदैन।

साधारण सदस्यता लिएको एक वर्षपछि क्रियाशील सदस्यता लिने प्रावधान छ। तर कांग्रेसभित्रको गुटबन्दीका कारण सहजै क्रियाशील सदस्य बन्न गाह्रो छ।

कांग्रेसमा हरेक महाधिवेशनको मुखमा क्रियाशील सदस्यतासम्बन्धी विवाद उत्कर्षमा पुग्ने गरेको छ। महाधिवेशनको मिति जतिजति नजिकिन्छ, क्रियाशील सदस्यताको विवाद झनझन चर्किने गर्छ।

यद्यपी केन्द्रीय कार्यसमितिले यस सम्बन्धि विवाद मिलाउन प्रयास गरे पनि कहिल्यै समाधान नहुने अवस्थामा पुग्ने गरेको छ।

क्रियाशील सदस्यता वितरणको कारणले महाधिवेशनको मितिसमेत प्रभावित हुनु कांग्रेसमा नौलो होइन। योपटक पनि महाधिवेशनको मिति तय नहुँदै क्रियाशील सदस्यता विवाद चर्कोको छ। यसले आगामी मंसिरमा गर्ने भनिको १५ औं महाधिवेशन पनि प्रभावित हुने सम्भावना छ। कांग्रेसको संरचनाअनुसार वडा कार्यसमितिदेखि केन्द्रीय कार्यसमितिसम्म निर्वाचन लड्न क्रियाशील सदस्यता पृष्ठ २ मा



आफू निर्वाचित हुन क्रियाशील सदस्य वितरणलाई हतियार बनाउने परम्पराको विकास भएको छ, पार्टीमा यो विवाद स्थायीजस्तै बनेको छ

**एनपी साउद**
केन्द्रीय सदस्य



वास्तविक कार्यकर्तालाई भन्दा पनि आफ्ना अनुयायीहरूलाई ल्याएर नेतृत्वमा जाने प्रवृत्ति कांग्रेसको रोगै बनेको छ

**होमनाथ दाहाल**
नेता

## सधैंको विवाद

असोज २०६७ मा भएको १२ औं महाधिवेशन अघि निस्केको क्रियाशील सदस्यता विवाद अहिलेसम्म समाधान हुन सकेको छैन । त्यो महाधिवेशनले पुरानै क्रियाशील सदस्यबाट सुशील कोइरालाको नेतृत्वमा नयाँ कार्यसमिति चयन गरेको थियो । यस्तै, फागुन २०७२ मा भएको १३ औं महाधिवेशनमा पनि क्रियाशील सदस्यताको विषय समाधान पृष्ठ २ मा

## किन पेचिलो ?

पार्टीभित्रको क्रियाशील सदस्यता विवाद नौलो विषय नभएको स्वयं नेताहरू बताउँछन्। यस अगाडि पनि क्रियाशील सदस्यता विवाद उत्कर्षमा पुग्ने गरेको थियो । तर, यस पटक यो समस्या विभिन्न कारणले गर्दा थप जटिल बनेको छ।

केन्द्रीय सदस्य एनपी साउद भन्छन्, 'क्रियाशील पृष्ठ २ मा

**वैदेशिक रोजगार विशेष**

# विकसित देशमा पठाउने नाममा ठगी बढ्दो

**मध्यान्ह संवाददाता**
काठमाडौं, १५ माघ ।

अमेरिका, क्यानडा, जापान जस्ता देशमा वैदेशिक रोजगारका लागि भन्दै अनपेक्षित ठूलो रकमको ठगीका उजुरी परेका छन् । वैदेशिक रोजगारीको प्रलोभनमा रकम लिएर फरार रहेका व्यक्तिहरू पक्राउ परेपछि वैदेशिक रोजगारका नाममा भएका ठूलाठूला घटना सार्वजनिक भएका हुन् । अमेरिका पठाइदिने प्रलोभन दिएर कञ्चनपुरको शुक्लाफाँटाका भुवन कार्कीले ३ जनाबाट १ करोड लिएको उजुरी परेको छ।

यसअघि सोमबार अमेरिका पठाइदिने धन्दै १ जनाबाट ९७ लाख ५४ हजार ठगेको उजुरीका आधारमा गोरखाको शहीद लखन गाउँपालिकाका सुरेन्द्र विकलाई पनि प्रहरीले पक्राउ गरेको थियो । अमेरिका पठाउने भन्दै परिबन्दमा पारेर ९७ लाख ५४ हजार लिएपछि सम्पर्कविहिन भएका विकलाई कलंकीबाट पक्राउ गरिएको प्रहरीले बताएको छ।

त्यस्तै क्यानडा पठाउने भन्दै १२ लाख ठगी गरेको उजुरीका आधारमा प्रहरीले काठमाडौं कागेश्वरीका नितेश पोखरेललाई पनी पक्राउ गरेको छ। उनले क्यानडा पठाइदिने भन्दै ४ जनाबाट १२ लाख लिएको प्रहरीले जनाएको छ। काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालय टेकुले अमेरिका, क्यानडा, जापान जस्ता देशमा वैदेशिक रोजगारीका लागि भन्दै ठूलो रकम लिने र सम्पर्कविहीन हुने क्रम बढेको पृष्ठ २ मा

### मलेलियामा साथी कुट्ने नेपालीलाई २ वर्ष कैद

**मलेसिया/मस-** मलेसियाको एक अदालतले स्टाफ हाउसमा सँगै बस्ने सहकर्मीलाई गम्भीर चोट पुऱ्याएको अभियोगमा एक नेपाली कामदारलाई २ वर्ष कैद र ३ कोर्राको सजाय सुनाएको छ।

क्लिनरको रूपमा कार्यरत पवन धिमालले सहकर्मीले चुरोट नदिएपछि आक्रोशित भइ भान्सामा रहेको फ्राइङ प्यानले सहकर्मीको टाउकोमा गत मे १३ तारिकमा पटक-पटक प्रहार गरेका थिए । पीडितको टाउकोमा गम्भीर चोट लागेको थियो ।

अत्यधिक रक्तस्रावको कारण घाइतेको शल्यक्रिया र सघन हेरचाह पृष्ठ २ मा

**सरकारको प्रस्ताव**

# आमाको नामबाट नागरिकता

**अस्मिता बम/मध्यान्ह**
काठमाडौं, १५ माघ ।

सरकारले आमाको नामबाट नागरिकता जारी गर्ने गरी ऐन संशोधन प्रस्ताव गरेको छ । गृहमन्त्री रमेश लेखकले बाबुको पहिचान खुलाउन नचाहेको खण्डमा त्यसअनुसार नागरिकता जारी गर्न सक्ने गरी नागरिकता ऐन संशोधन प्रस्ताव अगाडि बढाएका हुन्।

यद्यपि, नागरिकता लिने व्यक्तिले बुवाको पहिचान नखुलेको स्वघोषणा भने गर्नुपर्नेछ । प्रस्तावित विधेयक अनुसार कुनै व्यक्तिको जन्मदर्ता वा शैक्षिक योग्यताको प्रमाणपत्र वा बाबुको नाम उल्लेख भएता पनि सम्पर्कमा छैनन् भने त्यस्ता सन्तानले आमाको नामबाट मात्रै नागरिकता लिन सक्नेछन्।

'...नेपाली नागरिकताको प्रमाणपत्र र कुनै व्यक्तिले नागरिकताको प्रमाणपत्रमा बाबुको नाम, थर, ठेगाना उल्लेख गर्न नचाहेको भनी निवेदन दिएमा त्यस्तो व्यक्तिलाई दिइने नेपाली नागरिकताको प्रमाणपत्रमा बाबुको नाम, थर तथा ठेगाना उल्लेख हुनुपर्ने स्थानमा कुनै बेहोरा उल्लेख नगरी दिनुपर्नेछ' प्रस्तावित विधेयकको दफा ४ मा छ।

प्रस्तावित विधेयकले मूल ऐनको दफा ८ संशोधन गर्न लागेको हो। मूल ऐनको दफा ८ मा नागरिकताको प्रमाणपत्र प्राप्तिको लागि निवेदन दिनु पर्ने व्यवस्था छ।

उपदफा १ मा वंशजको नाताले नेपाली नागरिकताको प्रमाणपत्र लिन चाहने १६ वर्ष उमेर पूरा पृष्ठ २ मा

# रङ्गशाला तयार
# राष्ट्रिय प्रतियोगिता अनिश्चित

**कुलेन्द्र शाही/मध्यान्ह**
सुर्खेत, १५ माघ



कर्णाली प्रदेश गौरवको आयोजनाका रूपमा रहेको निर्माणाधीन प्रदेश रङ्गशालाको काम अन्तिम चरणमा छ। कर्णाली प्रदेशमा आयोजना गर्ने गरी मिति तोकिएको १०औं राष्ट्रिय खेलकुद प्रतियोगितालाई लक्षित गरेर सुर्खेतमा बनाउन सुरु गरिएको रङ्गशालाको काम अन्तिम चरणमा पुगेको हो।

९ बिघा क्षेत्रफल ओगटेको यो रङ्गशालाको काम ९९ प्रतिशत सम्पन्न भइसकेको छ। रङ्गशाला निर्माणका लागि १ अर्ब ५० करोड ४७ लाख ४७ हजार रुपैयाँमासम्झौता भएको थियो।

कर्णाली प्रदेश खेलकुद परिषद्का निवर्तमान सदस्य सचिव विश्वामित्र सञ्जालले रङ्गशाला निर्माणको काम अन्तिम चरणमा रहेको बताए। उनले रङ्गशालाभित्र १६ वटा राष्ट्रिय खेल खेलाउन सकिने र फुटबल मैदानमा हुने खेल १० हजार जनाले अवलोकन गर्न सक्ने गरी संरचना बनाइएको बताए। जसमध्ये भीभीआइपी र भीआइपी पारापिटतर्फ मात्र ४ हजार दर्शक बसेर खेल्न हेर्न मिल्ने गरी संरचना निर्माण गरिएको छ।

### के के छ रङ्गशालामा ?

रङ्गशाला निर्माणको काम अन्तिम चरणमा रहेको र अब यसलाई अन्तिम रूप दिन मात्र बाँकी छ। पृष्ठ २ मा

## अन्योलमा राष्ट्रिय खेलकुद

यसअघि तोकिएको मिति २ मंसि मा हुने भनिएको १० औं राष्ट्रिय खेलकुद प्रतियोगिता अन्तिममा आएर स्थगित भयो। उक्त समयमा स्थगित हुन नसकेपछि २३ चैतका लागि नयाँ मिति ताकियो। तर, २३ चैतदेखि पनि प्रतियोगिता हुने नहुने केही टुङ्गो छैन। यही बेला कर्णाली प्रदेश खेलकुद विकास परिषद् समेत सदस्य सचिवविहीन छ। त्यसले गर्दा पनि तोकिएकै समयमा प्रतियोगिता हुने सम्भावना कमै छ।

यसअघि तोकिएको समयमा प्रतियोगिता हुन नसकेको हुँदा यस पटक पनि प्रतियोगिता हुने सम्भावना कमै देखिएको हो। २३ चैत आउन अब ६९ दिन मात्रै बाँकी छ। निवर्तमान सदस्य सचिव सञ्जालले प्रतियोगिताको समय घट्दै गएको र आयोजकबाट कुनै पनि आधिकारिक धारणा हालसम्म पनि नआएको हुँदा प्रतियोगिता अन्योलमा भएको बताए। पृष्ठ २ मा

मध्यान्ह
www.madhyanhadaily.com
१६ माघ २०८१ बुधबार
29 January 2025, Wednesday

# 'मंसिर २०८४ मा मात्रै सरकार ढल्छ'

**काठमाडौं/मस-** प्रधानमन्त्री एवं नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओलीले सरकारले ल्याएका विभिन्न अध्यादेशप्रति आमरुपमा सकारात्मक प्रतिक्रिया प्राप्त भएको र सरकार देशलाई पछ्यौटेपनबाट उन्नतस्तरमा लाने प्रयासमा अग्रसर रहेको बताएका छन् ।

यही माघ १८ गतेदेखि प्रारम्भ हुने संघीय संसदको हिउँदे अधिवेशनको पूर्वसन्ध्यामा मंगलबार बसेको एमालेको संसदीय दलको बैठकलाई सम्बोधन गर्दै प्रधानमन्त्री ओलीले केही गरौं भन्ने युवाहरुलाई स्वदेशमा काम गर्ने उचित वातावरण दिन, जनताका सेवामा प्रभावकारिता ल्याउन र उद्योग-व्यवसाय सुसञ्चालनका लागि सहज वातावरण बनाउन अध्यादेश ल्याइएको स्पष्ट गरे ।

उनले विभिन्न अध्यादेशबाट २९ वटा कानुनमा संशोधन गरिएको र छिट्टै प्रतिस्थापन विधेयक ल्याएर स्थायी कानुन बनाएर प्रभावकारी कार्यान्वयन गर्ने बताए । नेपाल सरकारको गत पुस २६ गतेको मन्त्रिपरिषद्को बैठकले ती अध्यादेश जारी गर्न राष्ट्रपतिसमक्ष सिफारिस गरेपछि अध्यादेश जारी भएका थिए ।



एमाले संसदीय दलका नेता प्रधानमन्त्री ओलीले सदनमा तथ्य र तर्कका आधारमा संयमित र जिम्मेवाररुपमा प्रस्तुत हुन तथा प्रभावकारी उपस्थिति जनाउन सांसदहरुलाई आग्रह गर्दै अरुले गलत आरोप र भ्रम छरेमा रचनात्मक र सशक्त प्रतिवाद गर्न निदेशन दिए ।

प्रधानमन्त्री ओलीले २०८४ मंसिरमा मात्रै सरकार ढल्ने जिकिर गरे । उनले अहिले दिनैपिच्छे सरकार ढल्ने हल्ला चलाइरहेको भन्दै त्यसतर्फ ध्यान नदिन र भ्रममा नपर्न सांसदहरूलाई आग्रह गरे ।

उनले राष्ट्रिय एकता, हित, स्वाधिनता र सार्वभौमसत्ताका पक्षमा स्पष्टताका साथ सरकार प्रस्तुत हुने र जनताको सुशासनका पक्षमा नीतिगत स्पष्टता र व्यवहारिकरुपमा दृढताका साथ प्रस्तुत हुनुपर्ने पनि बताए ।

प्रधानमन्त्री ओलीले संविधान संशोधन गर्दा राष्ट्रिय एकतालाई मजबुत बनाउने र स्वीकार्यताको दायरा बढाउने क्रममा यसअघि नेपालको नयाँ राजनीतिक नक्सा समावेश गरिएको सन्दर्भ उल्लेख गर्दै संविधानसँग असहमत रहेका पक्षहरुसँग पनि संवाद गरेर मूलधारको राजनीतिमा ल्याइएको स्मरा गरे । 'अहिले सबै शक्तिहरु मूलतः मूलधारको राजनीतिमा छन् । राष्ट्रिय राजनीति लोकतान्त्रिक मूलधारको एउटा ट्र्याकमा अगाडि बढेको छ,' प्रधानमन्त्री ओलीले भने ।

आफूहरु मानवतावाद र विश्व शान्तिका पक्षमा रहेको र जलवायु परिवर्तनको असरप्रति सजग हुँदै वातावरणीय सुरक्षामा ध्यान दिएर छिट्टै सगरमाथा संवाद आयोजना गर्न लागिएको उनले बताए ।

बैठकमा उपप्रधानमन्त्री एवं अर्थमन्त्री विष्णुप्रसाद पौडेल र सञ्चार तथा सूचना प्रविधिमन्त्री पृथ्वीसुब्बा गुरुङले सरकारले ल्याएका अध्यादेश र विद्यमान कानुनमा गरिएको संशोधनको आवश्यकताबारे प्रकाश पारेका थिए ।

**नागरिक...**

नै कानुन बन्ने हो भने सामाजिक सञ्जाल नियमन नभई नागरिकको बोल्न पाउने संवैधानिक हक नै नियन्त्रण र प्रेसको व्यावसायिक दायरा संकुचित हुनेछ ।'

सामाजिक सञ्जाल प्लेटफर्म दर्ता र सञ्चालन सम्बन्धी व्यवस्था गर्दै सामाजिक सञ्जाल प्लेटफर्म सञ्चालन गर्न चाहने व्यक्ति, कम्पनी वा संस्थाले यस ऐन बमोजिम सामाजिक सञ्जाल व्यवस्थापन केन्द्रमा दर्ता हुनुपर्ने व्यवस्था प्रस्तावित छ ।

विधेयकले सामाजिक सञ्जाल प्रयोगकर्ताले सामाजिक सञ्जालमा गर्न नहुने कार्य तोकिदिएको छ । प्रतिबन्धित कार्य गरेमा सजायको हुन्छ ।

विधेयकमा सामाजिक सञ्जाल सामग्रीसम्बन्धी अस्पष्ट निषेधात्मक व्यवस्था, फौजदारी गाली बेइज्जती सम्बन्धी व्यवस्था, प्लेटफर्म दर्ता सम्बन्धी व्यवस्था, सामाजिक सञ्जालबाट सामग्री हटाउने सम्बन्धी व्यवस्था र बेनामी वा छद्म भेषी पहिचानलाई अपराधीकरण गरिएको छ । विधेयकले नेपालमा सञ्चालन हुनका लागि प्रत्येक सामाजिक सञ्जालले दर्ता गर्नुपर्ने प्रस्ताव गरेको छ । शान्ति सुरक्षा, अखण्डता र राष्ट्रहित प्रतिकूल हुने देखिएमा सामाजिक सञ्जाल दर्ता गर्न नसकिने भनिएको छ ।

सामाजिक सञ्जाल दुरुपयोग गर्नेलाई पाँच वर्ष कैद र जरिवाना हुने प्रस्ताव छ । दुरुपयोगमा सघाउने व्यक्ति वा संस्था पनि आधा सजायको भागी हुने व्यवस्था प्रस्ताव छ ।

साइबर बुलिङ, हेट स्पिच, फिसिङ, इम्पोस्टर स्क्यामलगायतलाई पनि सम्बोधन गरेको छ । साइबर बुलिङको अर्थ सामाजिक सञ्जालमार्फत कुनै व्यक्तिलाई निराश वा हतोत्साहित बनाउने र डर-धम्की दिने, गालीगलौज गर्ने, गलत सूचना प्रवाह गर्ने काम भनी परिभाषित गरिएको छ । व्यक्तिले आवाज, शब्द, तस्बिर, भिडियोमार्फत समुदायमा हिंसा फैलाउने काम गरेमा 'हेट स्पीच' मानिने विधेयकमा उल्लेख छ । 'हेट स्पीच' गरेमा कारबाहीको भागी हुनुपर्ने प्रस्ताव विधेयकमा छ । क्रेडिट कार्ड नम्बर, बैंक एकाउन्टजस्ता संवेदनशील सूचना लिने र दुरुपयोग गर्ने काम नै 'फिसिङ' भनेर विधेयकमा परिभाषित गरिएको छ ।

सामाजिक तथा धार्मिक सद्भाव भड्काउने सामग्री कसैले सामाजिक सञ्जालमा पोस्ट गरेमा सरकारले नै हटाउन सक्ने व्यवस्था विधेयकमा प्रस्ताव गरिएको छ ।

सामाजिक सञ्जाल प्रयोगकर्ताले होच्याउने, अपमानजनक शब्द, श्रव्यदृश्य, तस्बिर, ट्रोल बनाइ घृणायुक्त अभिव्यक्ति, गाली बेइज्जती वा हेट स्पिच मानिने काम गरे कारबाही भोग्नुपर्नेछ । त्यसैगरी भ्रामक सूचना, दुष्प्रचार, सूचना तोडमोड गरी पोस्ट गरेमा वा कानुनले निषेध गरेका विज्ञापन तथा कारोबार गरेमा अपराध मानिनेछ ।

वर्गीय, जातीय, धार्मिक, साम्प्रदायिक आधारमा घृणा उत्पन्न हुने कुनै काम कारबाही गर्न र कानुनविपरीत अन्य व्यक्तिले गरेको पोस्ट जानीजानी सेयर, लाइक, रिपोस्ट, लाइभ ब्रोडकास्ट, ट्याग, मेन्सन, सब्सक्राइब र कमेन्ट गर्नेलगायत कार्य गर्नु दण्डनीय हुनेछ । फेक आईडी अर्थात् बेनामी वा छद्मभेषी पहिचान बनाउनसमेत विधेयकले निरुत्साहित गरेको छ । तर, विधेयकमा प्रस्ताव गरिएका यी कतिपय प्रावधान संविधानले तोकेको सीमा तथा नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि (आईसीसीपीआर) मा उल्लेख भएका अभिव्यक्ति स्वतन्त्रताको वैध सीमा सम्बन्धी प्रावधानभन्दा बाहिर रहेको सरोकारवालाहरू बताउँछन् ।

सरकार र सरकारी निकायको आलोचना गरेको आधारमा यी कुनै पनि व्यवस्था देखाएर उनीहरूले सजायको दाबी गर्न सक्ने भय रहनेछ । सामाजिक सञ्जाल प्रयोगकर्तालाई कुनै पनि दफा उल्लंघनका लागि ५ वर्ष कैद र १५ लाख रुपैयाँसम्म जरिवाना हुन सक्ने प्रावधान राखिएको छ । यसले अभिव्यक्ति स्वतन्त्रतामा बन्जेज लाग्न सक्ने भय सिर्जना गरिदिएको छ ।

**क्रियाशील...**

प्राप्त गरेको हुनुपर्छ । कांग्रेसकै नेताहरू भन्छन्, 'क्रियाशील सदस्यता वितरण पार्टी भित्र कहिल्यै नटुंगिने विषय बनेको छ । यो कांग्रेसको दीर्घ रोगजस्तै छ ।'

**सधैंको...**

भएन । उक्त महाधिवेशनले शेरबहादुर देउवाको नेतृत्वमा केन्द्रीय कार्यसमिति निर्वाचित गरेपनि क्रियाशीलको विवाद ज्यूँका त्यूँ रह्यो ।

मंसिर २०७८ मा भएको १४ औं महाधिवेशनमा क्रियाशील सदस्यताको विवाद भने आंशिक समाधान भयो । त्यस महाधिवेशनले सभापतिमा पुनः देउवालाई निर्वाचित गरेको थियो ।

लगातार २ कार्यकाल सभापति भएका देउवाले पनि क्रियाशील सदस्यतासम्बन्धी विवाद सुल्झाउन सकेका छैनन् । १२ औं महाधिवेशनदेखि चलिरहेको क्रियाशील सदस्यतासम्बन्धी विवाद अहिलेसम्म यथावतै छ ।

कांग्रेस विधानअनुसार हरेक ४ वर्षमा महाधिवेशन हुनुपर्छ । मंसिर २०७८ मा १४ औं महाधिवेशन भएकोले अब मंसिर २०८२ मंसिरभित्रै १५ औं महाधिवेशन हुनुपर्छ । तर अहिलेसम्म क्रियाशील नवीकरण र नयाँ क्रियाशील सदस्यता वितरणको विषय समाधन भएको छैन ।

साधारण सदस्यता लिएको एक वर्षपछि मात्र क्रियाशील सदस्यता हुन पाउने व्यवस्था कांग्रेसमा छ । २०७८ मा भएको १४औं महाधिवेशनमा ८ लाख ८२ हजार ८ सय १६ जना क्रियाशील सदस्य थिए ।

यो विषयलाई समाधान गर्न महामन्त्री गगन थापाको संयोजकत्वमा केन्द्रीय सदस्यहरू सीता गुरूङ, योगेन्द्र चौधरी र प्रकाश रसाइली (स्नेही) सदस्य रहेको क्रियाशील सदस्यता व्यवस्थापन समिति पनि बनाइएको छ ।

१२ औं महाधिवेशनदेखि १४ औं महाधिवेशनसम्म देखिएका क्रियाशील विवाद मिलाउन समितिले सदस्यहरूलाई प्रदेश-प्रदेश तोकेर जिम्मेवारी दिएको छ ।

मधेस र लुम्बिनी प्रदेशमा रसाइली, बागमती र गण्डकी गुरूङ तथा कोशी, कर्णाली र सुदूरपश्चिममा चौधरीले सदस्यतामा देखिएका विवाद समाधान गर्न सहजीकरण गरिरहेका छन् । महाधिवेशनको मिति घोषणा हुनु अघि नै क्रियाशील सदस्यता नवीकरण, नयाँ वितरण र थाती विवाद हल गर्ने गरी काम भइरहेको समिति सदस्य रसाइलीले बताए । 'महाधिवेशन मिति घोषणा गरेपछि रातारात क्रियाशील बाँड्दा झन् विवाद हुन्छ त्यसैले अहिले नै तीव्रता दिन खोजिएको हो,' उनले भने ।

कांग्रेसले यस वर्ष भदौमा ७७ वटै जिल्ला कार्यसमितिलाई केन्द्रबाट परिपत्र गर्दै क्रियाशील सदस्यता नवीकरण र वितरण तत्काल सुरु गर्न निर्देशन दिएको थियो । जिल्ला कार्यसमितिले क्रियाशील सदस्यता नवीकरण तथा नयाँ सदस्यता वितरणमा आलटाल गरिरहेको गुनासो आएपछि कांग्रेस केन्द्रीय कार्यालयले सदस्यता नवीकरण र वितरणको काम सुरु गर्न जिल्ला कार्यसमितिलाई निर्देशन दिएको थियो ।

केन्द्रले पठाउने क्रियाशील सदस्यता फारम जिल्ला सभापतिले क्षेत्रीय सभापतिलाई नदिने, क्षेत्रले प्रदेश क्षेत्रीय कार्यसमिति र क्षेत्रले पालिका तथा वडालाई फारम नै नदिएर होल्ड गर्ने गरेको कार्यकर्ताको गुनासो छ । केन्द्रीय कार्यालयले क्रियाशील सदस्यताको विवरण रीतबमोजिम भरेर ३० चैतसम्म केन्द्रमा पठाइसक्न अर्को निर्देशन दिएको छ ।

**हुन्छ त समाधान ?**

संस्थापन र संस्थापनइतर गुटमा नेता र कार्यकताहरू विभाजित भएका कारण यो विवाद सदावहार बनेको नेताहरूको गुनासो छ ।

क्रियाशील सदस्यको वितरण तल्लो तहले केन्द्रीय तहमा पठाउने काममा ढिलाइ भइरहेको छ । जसका कारण मंसिर २०८२ सालभित्र हुने भनिएको महाधिवेशन धकेलिन सक्छ ।

२०८२ सालभित्र महाधिवेशन गर्नका लागि यतिबेला प्रदेश अधिवेशन र सोभन्दा तल्लो तहको अधिवेशन सम्पन्न भइसक्नु पर्ने हो ।

महामन्त्री थापाले फागुन २०८० मा भएको महासमिति बैठकमा २०८२ सालभित्र १५औं महाधिवेशन गर्ने प्रस्ताव गरेका थिए । महासमिति बैठकको प्रस्तावलाई केन्द्रीय समितिले स्वीकार गरेपनि अहिलेसम्म महाधिवेशनको मिति तोकेको छैन ।

**किन...**

सदस्यले नेता निर्वाचित गर्नुपर्ने हो तर आफू निर्वाचित हुन क्रियाशील सदस्य वितरणलाई हतियार बनाउने परम्पराको विकास भयो, पार्टीमा यो विवाद स्थायीजस्तै बन्यो ।'

उनले असारदेखि निर्वाचन प्रक्रिया सुरु गरिहाल्नु पर्ने बताउँछन् । 'सबै कार्यतालिका वैशाख-जेठमा सम्पन्न नगरी सुख छैन । अब महाधिवेशन सार्ने सुविधा हामीसँग छैन,'उनले भने ।

अहिले नेपाली कांग्रेसमा क्रियाशील सदस्यता विवाद तीन थरीको छ । पहिलो, गत वर्ष पार्टीको विधान संशोधन गरेर एक वर्ष साधारण सदस्य भएको व्यक्तिलाई 'अन्यथा' नभएको खण्डमा आवेदन दिएमा स्वतः क्रियाशील सदस्यता दिने व्यवस्था छ ।

दोस्रो, अघिल्लो महाधिवेशनमा थपिएका क्रियाशील सदस्य त्यो महाधिवेशनमा नभएर अर्को महाधिवेशनमा भाग लिन पाउने व्यवस्था छ । तेस्रो, अन्य पार्टीबाट कांग्रेसमा प्रवेश गरेकाहरूलाई क्रियाशील सदस्यताता दिनुपर्छ ।

यसरी हेर्दा कांग्रेसमा झाँगिएको विवाद समाधानको लागि अझै केही समय लाग्ने पक्का छ । चैत मसान्तसम्मका लागि तोकिएको सदस्यता नवीकरण र क्रियाशील सदस्य वितरणको अवधि पनि कम हुनेछ । यसले पार्टीको आसन्न महाधिवेशनलाई समेत प्रभावित गर्ने सम्भावना देखिन्छ । कांग्रेसका पुराना नेता होमनाथ दाहालका अनुसार आफूलाई मत दिने, अन्य पार्टीका कार्यकर्ता तान्ने र उनीहरूलाई साधारण सदस्यता दिने चलन पार्टी भित्र सुरु हुँदा पछि गएर विवाद देखिन थालिएको हो । 'क्रियाशील सदस्यताको प्रावधानले पार्टीमा एउटा तह सिर्जना त गरेको छ तर, आफू नेतृत्वमा जानका लागि क्रियाशील सदस्यको प्रावधानलाई आफ्नो अनुकूलतामा ढाल्ने प्रयास पनि सुरु भयो' दाहाल भन्छन् । दाहालले वास्तविक कार्यकर्तालाई भन्दा पनि आफ्ना अनुयायीहरूलाई ल्याएर नेतृत्वमा जाने प्रवृत्ति कांग्रेसको रोगै भएको टिप्पणी गरे ।

**विकसित...**

बताएको छ । प्रहरीले पक्राउ परेकाहरूलाई आवश्यक अनुसन्धान तथा कारबाहीका लागि जिल्ला प्रहरी परिसर काठमाडौं र वैदेशिक रोजगार विभाग ताहाचल काठमाडौं पठाउने गरेको छ ।

**मलेलियामा...**

एकाइमा १४ दिनसम्म उपचार गर्नुपरेको थियो । प्रहरी अनुसन्धानका क्रममा धिमालले पीडितलाई कुटपिट गरेको स्वीकार गर्दै आफूलाई चुरोट दिन अस्वीकार गरेका कारण आफूले कुटेको बताएका छन् । आक्रमणमा प्रयोग गरिएको फ्राइङ प्यान प्रहरीले बरामद गरेको थियो ।

**आमाको...**

भएको व्यक्तिले तोकिएको अधिकारी निवेदन दिनु पर्ने व्यवस्था छ । यहीँनेर थप व्यवस्था गरेर सरकारले कुनै व्यक्तिले नागरिकताको प्रमाणपत्रमा बाबुको नाम, थर, ठेगाना उल्लेख गर्न नचाहेको भनी निवेदन दिएमा त्यसअनुसार नागरिक दिनुपर्ने व्यवस्था राख्ने प्रस्ताव गरेको हो । त्यस्तो व्यक्तिलाई दिइने नेपाली नागरिकताको प्रमाणपत्रमा बाबुको नाम, थर तथा ठेगाना उल्लेख हुनुपर्ने स्थानमा कुनै बेहोरा उल्लेख नगरी दिनुपर्नेछ' प्रस्तावित विधेयकको दफा ४ मा छ ।

प्रचलित ऐन अनुसार बाबु वा आमा वा आफ्नो वंशतर्फका तीन पुस्ताभित्रको नातेदारको नेपाली नागरिकताको प्रमाणपत्र सहित नागरिकताका लागि निवेदन दिनुपर्ने हुन्छ । तर, सरकारले बाबुको नाम उल्लेख गर्न नचाहेको खण्डमा त्यसअनुसार नागरिकता दिनुपर्ने गरी ऐन संशोधन प्रस्ताव गरेको हो ।

यसअघि नागरिकतासम्बन्धी ऐनमा यस्तो व्यवस्था थिएन । जसका बाकारण एकल आमाले हुर्काएका सन्तान, बाबुको पहिचान नभएका तर शैक्षिक प्रमाणपत्रमा नाम भएकाहरू समस्यामा थिए ।

**रङ्गशाला...**

यहाँ पौडीका लागि स्विमिङ पुल बनिसकेको छ । बास्केट बल, भलिबल लगायतका खेलका लागि आउटडोर र इनडोर कोर्ट बनाइएको छ । आउटडोर कोर्ट निर्माण भइसकेका छन् भने इनडोर कभर्ड हलको काम पनि अन्तिम चरणमा पुगेको छ । कभर्ड हलभित्र हुने खेल मात्र कम्तीमा १ हजार ५ सय दर्शकभित्रै बसेर हेर्न मिल्ने गरी कभर्ड हलको संरचना निर्माण गरिएको छ ।

यस्तै बक्सिङ, तेक्वान्दो, उस्सु, कराँते, ब्याडमिन्टन लगायतका खेल खेल्न मिल्ने गरी एकै पटक संरचना निर्माण गरिएका छन् । यी संरचनामध्ये कतिपय बनिसकेका छन्, कतिपय भने अन्तिम चरणमा छन् । भीआइपी र भीभीआइपीका लागि छुट्टै पारापिट र अन्डरग्राउन्ड पार्किङको संरचना निर्माण गरिएको छ । यस्तै रंगरोगन, सरसफाइ, लाइनिङ जस्ता काम मात्र बाँकी रहेको निवर्तमान सदस्य सचिव सञ्जालले बताए । यस्तै खुला पार्किङ, व्यावसायिक सटर निर्माण, परिसरमा हरियाली बनाउने काम पनि सकिसकेको छ ।

**अन्योलमा...**

'प्रतियोगिता हुने भए त अहिलेसम्म विभिन्न सामाग्री खरिद लगायतका लागि टेण्डरको सूचना खुलाउनुपर्ने हो त्यो केही गरिएकै छैन । सूचना खुलाएपछि कम्तीमा पनि ६५ दिन लाग्छ तर २३ चैत आउन ६८ दिन मात्रै बाँकी छ कसरी होला र खै !'

उनले भने, 'रातारात प्रक्रिया सुरु गरे पनि समय पुग्दैन कि कानुन विपरीत गर्नुपर्‍यो । नत्र भने समय नहुँदै यो चमत्कार त के देखिएला र !'

**अपनत्व लिने होडबाजी**

प्रतियोगिता हुने नहुने टुङ्गो छैन । तर, कर्णालीमा रङ्गशाला निर्माणको जस लिने होडबाजी नै चलेको छ । प्रदेशका राजनीतिक दलहरूबिच अन्तिम चरणमा रहेको रङ्गशाला निर्माणको जस लिन तछाडमछाड चलेको छ । तत्कालीन मुख्यमन्त्री माओवादी केन्द्रका महेन्द्रबहादुर शाही नेतृत्वको सरकारले प्रदेश गौरवको योजना अनुसार कर्णाली प्रदेश रङ्गशाला बनाउने भन्दै विस्तृत अध्ययन प्रतिवेदन तयार गरेको थियो भने त्यसका लागि बजेट विनियोजनसमेत गरेको थियो ।

त्यसपछि मुख्यमन्त्री बनेका नेपाली कांग्रेसका जीवनबहादुर शाहीले रङ्गशालाको शिलान्यास गरे । मुख्यमन्त्री हुँदा र नहुँदा पनि निरन्तर अनुगमन गरिरहे । शाहीपछि मुख्यमन्त्री बनेका माओवादी नेता राजकुमार शर्माले पनि अनुगमन गर्थे तर हाल मुख्यमन्त्रीको रूपमा एमाले नेता यामलाल कँडेल छन् । तर, यो रङ्गशाला निर्माण सम्पन्न हुन एक प्रतिशत मात्र बाँकी रहँदा काग्रेस, एमाले र माओवादीबिच रङ्गशाला निर्माणको जस लिने होडबाजी चल्न थालेको छ । पूर्वमुख्यमन्त्री महेन्द्रबहादुर शाही रङ्गशाला निर्माणको जस लिन खोजिरहेका छन् भने शर्मा पनि उही लाइनमै छन् । त्यति बेला प्रमुख प्रतिपक्षी दलका नेता रहेका हालका मुख्यमन्त्री कँडेलले आफूले प्रतिपक्षमा बसेर सहयोग नगरेको भए रङ्गशाला निर्माण हुन नसक्ने बताउने गरेका छन् ।


## Kanepokhari Rural Municipality
## Office of The Rural Municipal Executive

**Bayarban, Morong**
**Koshi Provience, Nepal**

## Invitation for E-bid

**Date of Publication (First): 2081/10/14 (27 JAN 2025)**

1. Kanepokhari Rural Municipality, Bayarban, Moranghas allocated funds towards the cost of construction of the works mentioned in the table and intends to apply part of the funds to cover eligible payments under the contract as described in table below. Bidding is open to all eligible Nepalese bidders.
2. Kanepokhari Rural Municipalityinvites E-bid from eligible bidders for following works under National Competitive Bidding. The bidding procedure will be as follows. The bidding procedure will be e-bidding only.
3. **Information to deposit the cost of bidding document in Bank:**
   **Rajaswa Khata No. (Revenue Account)**
   **Office Name: Kanepokhari Rural Municipality, Bayarban, Morang**
   **Bank Name: NIC Asia Bank**
   **Bank Address: Ramailo Branch**
   **Account Number: 133CA50021460002 (Rajaswa)**
   **For Security Deposit (DharautiKhata) No.: D3CA000455752407**
   Eligible Bidders may obtain further information and inspect and inspect the Bidding Documents at the office of. Kanepokhari Rural Municipality, Bayarban, Morang.
4. **Pre-bid meeting** shall be held at **Kanepokhari Rural Municipality, Bayarban, Morang**
   For Contract no.KRM/NCB/WORKS/04/081/82 : **16-02-2025 13:00**
   For Contract no.KRM/NCB/WORKS/05/081/082 : **21-02-2025 13:00**
5. The bidders shall submit their bid before
   For Contract no. KRM/NCB/WORKS/04/081/82 : **27-02-2025 12:00**
   For Contract no.KRM/NCB/WORKS/05/081/082 : **02-03-2025 12:00**

   The bids will be opened in the presence of Bidders' representatives who choose to attend at
   For Contract no. KRM/NCB/WORKS/04/081/82 : **27-02-2025 12:30**
   For Contract no.KRM/NCB/WORKS/05/081/082 : **02-03-2025 12:30**
   at the office of **Kanepokhari Rural Municipality, Bayarban, Morang.**
6. Bid security must be valid for a period of **90 days as stated below** for after bid opening and must be accompanied by a bid amounting to a minimum of as specified below which shall be valid for **30 days** beyond the validity period **(i.e., 120 days) of the bid after deadline of Bid submission date.**
7. If the last date of Pre-Bid meeting and Bid Opening Day falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.
8. Bidders may submit modification or withdrawal prior to the deadline of bid submission. Once a Bid is withdrawn, bidder will not be able to submit another bid response for the same bid.
9. Other information not mentioned above is as per Public Procurement Act 2063 and Public Procurement Regulation 2064 (Amended).
10. The Employer reserves the right to accept or reject any bid, and to annul the process and reject all bids at any time prior to contract award.

| Contract No. | Descriptions of Works | Estimated Amount NRS(Including Vat) | Bid Security NRs | Price of Bid Document (NRs.) |
|---|---|---|---|---|
| KRM/NCB/WORKS/04/081/82 | Improvement of Laxmi Narayan Mandir Compound. | NRs.6919805.31 | NRs. 230,000 | NRs. 3,000.00 |
| KRM/NCB/WORKS/05/081/82 | Construction of Bituminous Road (Asphalt Concrete) along Ramailo Domana Road Section, Pipal Chowk Rate Khola Culvert, Halesi hotel west chauki road, Sukrabare sadhan chowk road section & Gate. | 1S2E | NRs. 930,000 | NRs. 5,000.00 |

***Chief Administrative Officer***

# 'शैक्षिक प्रणालीमा सुधारको खाँचो'

**तेज बन/मध्यान्ह**
इटहरी, १५ माघ




पूर्वराष्ट्रपति विद्यादेवी भण्डारीले शिक्षा क्षेत्रमा सरकारले उल्लेखनीय लगानी गरेपनि शैक्षिक प्रणालीमा अपेक्षित सुधार ल्याउन नसकेको बताएकी छन् । सुनसरीको इटहरीस्थित जनता माध्यमिक विद्यालयको ६८औं स्थापना दिवस तथा अभिभावक भेलाको अवसर पारेर आयोजित कार्यक्रमलाई सम्बोधन गर्दै उनले यस्तो बताएकी हुन् ।

उनले शिक्षा क्षेत्रमा लगानीसँगै शैक्षिक गतिविधिलाई सुधारात्मक प्रयासतर्फ लैजान अनेकौँ प्रयासहरू भइरहेपनि अपेक्षित सुधार हुन नसकेको बताइन् । यसका लागि तीनै तहका सरकार गम्भीर बनेर सोच्नुपर्ने उनले उल्लेख गरिन् ।

पूर्वराष्ट्रपति भण्डारीले विश्वको सबैभन्दा अग्लो हिमाल सगरमाथादेखि नेपालको सबैभन्दा होचो स्थान झापाको केचनाकवलसम्म समेटिएको कोशी प्रदेश प्राकृतिक सुन्दरता,जैविक विविधता तथा विभिन्न जातजातिका उन्नत सांस्कृतिक सम्पदाहरूले भरिपूर्ण रहेको बताउँदै यी स्रोत, साधन र सम्पदाहरूको संरक्षण र प्रयोगबाट स्वदेशी उत्पादनमा वृद्धि, निकासी प्रवर्द्धन तथा रोजगारी सिर्जना गरी राष्ट्रिय पूँजी निर्माण गर्न सकिने धारणा राखिन् ।

उनले स्थापनाको ७ दशक नजिक आइपुग्दा जनता माविले अनेकौं चुनौतीको सामना गर्दै शिक्षा क्षेत्रमा उल्लेखनीय फड्को मार्दै कोशी प्रदेशकै अब्बल विद्यालय बनेको बताइन् । गुणस्तरीय शिक्षामा सफल देखिएकाले यस विद्यालयलाई जिल्लाकै नमुना विद्यालय घोषणा गरिएको र कोशी सरकारले समेत यसलाई पुरस्कृत गरिसकेको समाचार सुन्दा खुशी लागेको उनले बताइन् ।

उनले उक्त विद्यालयलाई देशकै नमुना विद्यालयका रूपमा स्थापित गर्नका लागि सिंगो टिम लागिपरेको र विभिन्न योजनाहरू सफलतापूर्वक सम्पन्न होस् भन्ने शुभकामना व्यक्त गरिन् ।

पूर्वराष्ट्रपति भण्डारीले विद्यालयको नवनिर्मित १२ कोठे पक्की भवनको पनि उद्घाटन गरेकी छन् । कार्यक्रममा संघीय सरकारकी सांसद तथा पूर्वमहिला तथा बालबालिका मन्त्री भगवती चौधरीले सरकारको शिक्षा क्षेत्रमा गरिएको लगानी खेर नगएको र चाँडै शिक्षा नियमावली ल्याउने तयारी भइरहेको जानकारी दिइन् ।

त्यस्तै, कोशी प्रदेशका सामाजिक विकासमन्त्री पाँचकर्ण राईले आफूमन्त्री हुनु अघिनै यस विद्यालयको चर्चा सुन्दै आएको र आज प्रत्यक्ष रूपमा सहभागी हुन पाउँदा गर्व लागेको बताए । उनले जनता माविले अन्य विद्यालयहरूको तुलनामा शिक्षा क्षेत्रमा गरेको लगानी र पुऱ्याएको योगदानबारे खुलेरै चर्चा गरे ।

कोशी प्रदेशका आन्तरिक मामिला तथा कानुन मन्त्री रेवती रमण भण्डारीले आफ्नै क्षेत्रको विद्यालय भएकाले गुनगानभन्दा पनि उद्देश्यअनुरूप अघि बढ्न सुझाव दिए । उनले विपन्न वर्गलाई प्राथमिकतामा राखेर शैक्षिक गतिविधि अघि बढाउन आग्रह गरे । शिक्षा क्षेत्रमा गरेको उल्लेखनीय प्रगतिका कारण प्रदेश सरकारबाट यस विद्यालय पुरस्कृत भइसकेकोले आगामी दिनमा कोशी मात्र नभइ देशभरकै नमुना विद्यालय बन्नेमा आफू विश्वस्त रहेको बताए ।

त्यस्तै, इटहरी उपमहानगरका प्रमुख हेमकर्ण पौडेलले आफ्नो क्षेत्रको शिक्षालयलाई अझ सशक्त बनाउन उपमहानगरको सिंगो टिम लागि परेको बताए । अहिलेको शिक्षालाई विगतको शिक्षासँग तुलना गर्न नमिल्ने बताउँदै इटहरीका सबै विद्यालयहरू प्रविधिसँग जोडिएर अघि बढिरहेको उल्लेख गरे । मेयर पौडेलले जनताको आधारभूत आवश्यकताका विषयहरूसँग जोडिएर स्थानीय सरकार लागि परिरहेको पनि बताए ।

विद्यालय व्यवस्थापन समितिका अध्यक्ष एवम् कार्यक्रम सभापति काशीनाथ दंगालले विद्यालयको वर्तमान अवस्था, भावी योजना तथा समस्याहरूका बारेमा प्रतिवेदन पेश गरे । कार्यक्रममा विद्यालय स्थापनाका निम्ति विभिन्न समयमा पुर्याएको विशेष योगदानको कदर गर्दै जग्गादाता, अक्षयकोष दाता, कर्मचारी, शिक्षक लगायतलाई सम्मानपत्र र दोसल्ला ओढाएर सम्मान गरिएको थियो ।

त्यस्तै,पत्रकारिताको क्षेत्रबाट समाजमा महत्वपूर्ण योगदान पुऱ्याएको भन्दै गोरखापत्र दैनिकका कोशी प्रदेश प्रमुख सचिन पोखरेल र नेपाल पत्रकार महासंघ सुनसरीका अध्यक्ष सन्तोष काफ्लेलाई पनि सम्मान गरिएको थियो । कार्यक्रममा पूर्वमन्त्री रामकुमार सुब्बा, संविधानसभा सदस्य अनिता परियार, राष्ट्रिय सभा सदस्य इन्दु गौतम, कोशी प्रदेशका पूर्वसभामुख प्रदीप भण्डारी, कोशी प्रदेश सांसद मिना श्रेष्ठ, सपना परियार, इटहरी उपमहानगरकी उपमेयर संगीता चौधरी, ९ नं वडाध्यक्ष जितेन्द्र थापा, ६ नं वडाध्यक्ष दिवस पोखरेल लगायतको उपस्थिति रहेको थियो । कार्यक्रमको बीच-बीचमा अभिभावकहरूलाई मनोरञ्जन दिन विभिन्न कक्षामा अध्ययनरत विद्यार्थीहरूले रमाइलो सांस्कृतिक नृत्यहरू प्रस्तुत गरेका थिए ।

# राजदूत तिमल्सिनाद्वारा ओहोदाको प्रमाणपत्र प्रस्तुत



**तिलोचन गौतम/मध्यान्ह**
क्वालालम्पुर, १५ माघ

मलेसियाका लागि नेपाली राजदूत डा. नेत्रप्रसाद तिमल्सिनाले मंगलबार क्वालालम्पुरस्थित इस्ताना नेगारा (राज दरबार) मा ओहोदाको प्रमाणपत्र प्रस्तुत पेश गरेका छन् । राजदरबारमा आयोजित एक विशेष समारोहमा मलेसियाका राजा सुल्तान इब्राहिमसमक्ष ओहोदाको प्रमाणपत्र पेश गरेका हुन् ।

ओहोदाको प्रमाणपत्र प्रस्तुत गरेपछि भएको शिष्टाचार भेटमा राजदूत तिमल्सिनाले राष्ट्रपति रामचन्द्र पौडेलका तर्फबाट राजा इब्राहिमको सुस्वास्थ्य एवं दीर्घायुका साथै मलेसियाका जनताको उत्तरोत्तर प्रगतिको कामना गरे । उनले मलेसियासँग नेपाल र नेपालीको बहुआयामिक सम्बन्ध रहेको र यसलाई थप सुदृढ गर्दै दुई देशको सहयोगात्मक सम्बन्धलाई नयाँ उचाइमा लैजान सदैव प्रयास गर्ने प्रतिबद्धता पनि जनाए ।

त्यस अवसरमा मलेसियाका विदेशमन्त्री दातोसिरी उतामा हाजी मोहम्मद बिन हाजी हसन, विदेश मन्त्रालयका उच्चअधिकारीका साथै नेपाली दूतावासका पदाधिकारीको उपस्थिति थियो । राजदूत तिमल्सिनासहित अन्य राष्ट्रका ५ जना राजदूतले पनि सोही समारोहमा आ-आफ्नो ओहदाको प्रमाणपत्र प्रस्तुत गरेका थिए ।

# एच.पी.भी खोपको पहुँचमा सबैलाई ल्याउनुपर्नेमा जोड

**कृष्ण तिवारी/मध्यान्ह**
रौतहट, १५ माघ



रौतहट फतुवा विजयपुर नगरपालिकामा एच.पी.भी खोप अभियान २०८१ सम्बन्धी पालिकास्तरीय अभिमुखीकरण कार्यक्रम सम्पन्न भएको छ ।

स्वास्थ्य शाखा संयोजक रमेश यादवको स्वागत मन्तव्यबाट सुरु भएको कार्यक्रममा पूर्व प्रशासकीय अधिकृत प्रमोद गुप्ताले राष्ट्रिय खोप कार्यक्रमको उद्देश्य, महत्व र प्रभावकारिताको बारेमा जानकारी गराएका थिए ।

उक्त खोप फतुवा विजयपुरमा माघ २२ गतेदेखि फागुन ६ गतेसम्म सञ्चालन हुने प्रशिक्षक अनिल यादवले बताए । विद्यार्थीहरुको हकमा कक्षा ६ देखि १० सम्मका सबै छात्राहरु र विद्यालय नजाने १० देखि १४ वर्ष उमेर समुहका छात्राहरुलाई खोप लगाउने लगाइने उनले बताए ।

एच.पी.भी.खोप सेवा विद्यालयमा केन्द्रहरु स्थापना हुने छ । विद्यालयको पहुँच भन्दा बाहिर रहेका छात्राहरूले विद्यालय र स्वास्थ्य संस्थामार्फत सेवा पाउनेछन् ।

खोप अभिमुखीकरण कार्यक्रममा बोल्दै कार्यवाहक मेयर अम्बेया खातुनले खोपको पहुँचमा सबैलाई ल्याउनुपर्ने बताइन् । सरकारले लिएको लक्ष्य पुरा गर्न सबैले आ-आफ्नो तह र तप्काबाट प्रचार-प्रसार गर्न समेत आग्रह गरिन् । अभिमुखीकरण कार्यक्रममा निमित्त प्रशासकीय अधिकृत उपेन्द्र साह, जिल्ला स्वास्थ्य कार्यालयका राजेश कुमार सिंह, चन्द्ररुप चौधरी, अनिल यादव, वडा नं १ देखि ११ नम्बरका वडाध्यक्षहरु, कार्यपालिका सदस्यहरु, प्रधानाध्यापकहरुको उपस्थिति रहेको थियो । नेपालमा वार्षिक दुई हजार नेपाली महिलाको पाठेघरको मुखको क्यान्सरबाट मृत्यु हुने गरेको छ । एचपीभी खोप लगाउँदा एचपिभीको संक्रमणबाट हुने मुखको क्यान्सरलाई ७० प्रतिशतले घटाउन सहयोग पुग्ने विश्वास गरिएको छ ।

# छात्रवृत्तिमा पढेका विद्यार्थीले १० वर्ष पालिकाको अस्पतालमा सेवा गर्नुपर्ने

**सरु भुसाल/मध्यान्ह**
प्यूठान, १५ माघ



प्यूठानका ४ पालिका र अर्घाखाँचीका दुई नगरपालिका बीचको समन्वयात्मक बैठक विभिन्न निर्णय गर्दै सम्पन्न भएको छ ।

नगरपालिका र गाउँपालिकाले गरिरहेका कामहरु, सीमा विवादका बारेमा छलफल गर्दै सिकाइ आदान-प्रदान तथा अन्तरपालिकाहरुले सहकार्य गर्ने उद्देश्यसहित अर्घाखाँची र प्यूठानका ६ वटा पालिकाको बैठक सम्पन्न भएको हो ।

प्यूठानको ऐरावती गाउँपालिकाको आयोजनामा सम्पन्न भएको बैठकमा प्यूठानका ऐरावती, मल्लरानी, माण्डवी र सरुमारानी गाउँपालिका तथा अर्घाखाँचीका भूमिकास्थान नगरपालिका र शितगंगा नगरपालिकाका प्रमुख तथा प्रतिनिधिहरुको सहभागिता रहेको थियो ।

बैठकमा अन्तरपालिकाको सडक विस्तार, उत्पादित वस्तु आदानप्रदान, कृषि उपहज, पालिकामा उपलब्ध स्रोत साधनको प्रयोग र छिमेकी पालिकाहरु मिलेर संयुक्त आयोजनाहरु संचालन गर्ने खोलाहरुमा निकासी हुने ढुंगा गिट्टी, बालुवालाई सहज रुपमा वितरण गर्ने, गर्मी याममा सुरु हुने वन डडेलो नियन्त्रण गर्ने, विभिन्न समयमा देखिने सीमा विवादको अन्त्य गर्ने विषयमा छलफल भएको शीतगंगा नगरपालिकाका नगरप्रमुख छबिलाल पौडेलले बताए ।

यस्तै अन्तरपालिका स्तरिय विपद् व्यवस्थापन तथा शान्ति सुरक्षालाई प्रभावकारी बनाउने विषयमा समेत छलफल भएको ऐरावती गाउँपालिका अध्यक्ष नविल विक्रम शाहले जानकारी दिए । अर्घाखाँचीको शीतगंगा नगरपालिका र भूमिकास्थान नगरपालिकासँग सीमा जोडिएका प्यूठानका ४ वटा पालिकाहरुबीच विकास निर्माण, सडक निर्माण, सीमाहरुमा होडिङ बोर्ड राख्ने गरी संयुक्त कार्यक्रमहरु बनाउने गरी सहकार्य गर्ने उद्देश्यले आयोजना गरिएको बैठकमा १५ शय्याका अस्पताल सञ्चालन गर्ने, स्थानीय मदिरा ब्राण्डिङ गर्ने, करका दायरा वृद्धि गरेर आन्तरिक स्रोत वृद्धि गर्ने र बनेका संरचनाहरुको संरक्षण गर्ने लगायतका एक दर्जन विषयमा छलफल भएको शीतगंगा नगरपालिका प्रमुख पौडेलले बताए ।

६ पालिकाको संयुक्त बैठकमा अर्घाखाँचीको शितगंगा नगरपालिकाका प्रमुख छबिलाल पौडेल, भूमिकास्थान नगरपालिकाका प्रमुख झविलाल थापा, प्यूठान ऐरावती गाउँपालिका अध्यक्ष नोबिल बिक्रम शाह, मल्लरानी गाउँपालिका अध्यक्ष कृष्णबहादुर खड्का, माण्डवी गाउँपालिका अध्यक्ष नवराज अधिकारी, सरुमारानी गाउँपालिका अध्यक्ष झकबहादुर विश्वकर्मा साथै ती पालिकाहरुका उपाध्यक्षहरु, वडाध्यक्षहरु, राजनीतिक दलका नेताहरुको उपस्थिति रहेको थियो ।

बैठकमा उपस्थित स्थानीय तहका प्रमुखहरुले संघ र प्रदेश सरकारले कानुन निर्माणदेखि बजेट विनियोजनमा पालिकाहरुलाई हेपेको गुनासो गरेका थिए ।


VACANCY
ANNOUNCEMENT
A leading foreign recruitment agency is seeking the following position urgently.

| | |
|---|---|
| Admin executive | - 2 (Male/Female) |
| Public Relations officer | - 5 (Male/Female) |
| Documentation | - 3 (Female) |
| Receptionist | - 2 (Female) |

Minumum 2/3 Years experience in related field.
Salary : Negotiable for Two post of remaining.

BARSHA HR SOLUTION PVT. LTD
Dhumbarahi 04, Kathmandu, फोन नं.: ०१४५३३३३५
मोबाईल नं.: ९८५१०८५७७१, Email: barun@barshahrsolution.com
श्रम इजाजत नं. १७४५/०८१/०८२



ROMANIA मा रोजगार
कम्पनी : NEWMACO RENT SERVICES SRL — शहर : Romania
पूर्व स्वीकृत मितिः २०७९/१२/२१ चलानी नं.: ६०१९९४०२ L.T. No.: 283892 पुन विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब USD | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cook Helper | 7 | 0 | सम्बन्धित काममा दक्ष | 550 | ७९,१९७ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Gen Worker | 16 | 2 | | 550 | ७९,१९७ | | | | | | | |

अन्तर्वार्ता बहुउद्देश्य क्यापिटल ट्रेनिङ एण्ड जब सेन्टर प्रा.लि. मनमैजु काठमाडौंमा २०८१ माघ २८ र २९ गते (10 & 11 February 2025) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | नि:शुल्क |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नः हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

नोट : यसै कम्पनीको लगि Shuttering Carpenter र Steelfixer को माग भई आएको हुँदा निशुल्क परामर्शको लागि कार्यालयमा सम्पर्क गर्नुहोला ।

MANPOWER RECRUITMENT NEPAL PVT. LTD — Govt. Lic. No.: 1131/073/074
Golfutar-8, Budhanilkantha, Kathmandu, Tel : 01-4002748, 01-4002749 Mob. 9818464137, 9866446092, 9847454506
E-mail : info@manpowerrecuitmentnepal.com.np, Web : www.manpowerrecuitmentnepal.com.np


## Thabang Rural Municipality
## Office of the Rural Municipal Executive
### Thabang, Rolpa
### Lumbini Province, Nepal

## Notice of Intent to Award the Contract

**Date of Publication: 2025/01/28**
**Notice No.: 43/081/082**

This is to notify to all concerned bidders that, it is our intention to award the contract published on 2081/08/26 (2024/12/11) in "Madhyanha" National Daily for the execution of the following work as per corrected and modified bid prices in accordance with the Instructions to Bidders is hereby selected following substantially responsive lowest evaluated bidder.

| Name of Project | Winning Bidder's Quoted Amount | Lowest substantially responsive bidder |
|---|---|---|
| Construction of Building, Boundary, Toilet, Gabion & Other Works In Different Place Of Thabang Rural Municipality (Contract No: TRM-ROLPA/W/NCB/07/081/082) | NRs. 35,09,788.30/- (Excluding VAT And PS) | Keshav Nirman Sewa, Sunchhahari Rural Municiplity, Rolpa |
| Construction Of Bir Balbhadra Model Secondary School (Contract No: TRM-ROLPA/W/NCB/08/081/082) | NRs. 70,10,360.70/- (Excluding VAT And PS) | Suprema and Sreeya Builders, Dhangadi, Nepal |
| Construction Of Praja And Maranthana School Building (Contract No: TRM-ROLPA/W/NCB/09/081/082) | NRs. 72,67,742.00/- (Excluding VAT And PS) | Sanjay Nirman Sewa, Thabang-2, Rolpa |
| Construction of different water supply and irrigation projects of Thabang Rural Municipality (Contract No: TRM-ROLPA/W/NCB/10/081/082) | NRs. 22,11,728,80/- (Excluding VAT And PS) | Samriddhi Nirman Sewa Pvt. Ltd., Thabang-1, Rolpa |
| Construction Of Slab Culvert & RCC Road (Contract No: TRM-ROLPA/W/NCB/11/081/082) | NRs. 28,75,374.55/- (Excluding VAT And PS) | Samriddhi Nirman Sewa Pvt. Ltd., Thabang-1, Rolpa |
| Construction Of Sabhahall In Administrative Building Of Thabang Rural Municipality (Contract No: TRM-ROLPA/W/NCB/12/081/082) | NRs. 41,43,865,00/- (Excluding VAT And PS) | Sanjay Nirman Sewa, Thabang-2, Rolpa |

**Chief Administrative Officer**

मध्यान्ह
राष्ट्रिय दैनिक
www.madhyanhadaily.com

१६ माघ २०८१ बुधबार
29 January 2025, Wednesday

## सम्पादकीय

# संविधानविरूद्ध सरकार

सरकारले 'सामाजिक सञ्जालको सञ्चालन, प्रयोग तथा नियमन' गर्ने सम्बन्धमा अगाडि बढाएको विधेयक विवादमा परेको छ । राष्ट्रिय सभामा विधेयक दर्ता भएकै दिन यसको चर्को विरोध भएको हो । सामाजिक सञ्जाललाई नियमन गर्न भनेर बनाइएको विधेयकमा जेल सजाय र जरिवानाकै व्यवस्था गरिएको छ । सामाजिक सञ्जालका प्रयोगकर्ताहरूमाथि कार्बाही हुन सक्ने मुख्यतः पाँच क्षेत्र निर्धारण गरिएको छ । जसमा कसैको मान प्रतिष्ठामा आँच पुग्ने वा होच्याउने नियतले अपमानजनक शब्द, श्रब्यदृष्य, तस्वीर प्रयोग नगर्ने, मिथ्या तथा भ्रामक सूचनाको दुष्प्रचार नगर्ने, प्रचलित कानुनले निषेध गरेका बस्तुको विज्ञापन तथा कारोबार नगर्ने, प्रचलित कानुनले निषेध गरेका क्रियाकलपा शेयर नगर्ने र अन्धविश्वास फैलाउने अन्तर्वस्तु प्रचार नगर्ने उल्लेख छ ।

जुन विषय नगर्ने भनिएको छ, त्यसमा आम आपत्ति नहुन सक्छ । किनकि त्यस्तो कार्य गरिनु उचित होइन । सरकारले सूचना जारी गरेरै सामाजिक सञ्जालमा प्रयोग गर्न नहुने अन्तर्वस्तुबारे सचेतना अभियान चलाउन सक्छ । त्यस्तो अभियान बेलाबेला सरकारी निकाय वा सरोकारवाला निकायबाट चलाउने पनि गरिएको छ । आमसञ्चार माध्यमहरूका निम्ति त प्रेस काउन्सिलले आचार संहिता बनाएरै कसैमाथि अपमान गर्ने, होच्याउने अथवा साम्प्रदायिक सद्भाव खल्बल्याउने कार्य नगर्न भनेको छ । यदि आमसञ्चार माध्यमबाट त्यस्ता गल्ती भए सम्बन्धित सञ्चार माध्यम र पत्रकारलाई आवश्यक कार्बाहीको व्यवस्था गरिएकै छ ।

तर दर्ता भएको विधेयक बमोजिम यस्ता कार्य गरेमा जेल सजाय र जरिवाना नै हुनेछ । अर्थात् आम नागरिकदेखि सञ्चार माध्यमलाई समेत त्रसित बनाउनेगरी विधेयक आएको छ । यदि प्रस्तावित विधेयक बमोजिम कानुन बनेमा नागरिकले निर्भयताका साथ आफ्नो अभिमत प्रकट गर्ने अधिकार सवैभन्दा पहिले गुमाउनेछन् । किनकि जेल सजायको त्रास सामुन्नेमा राखिएपछि नागरिकले अभिमत राख्न स्वतन्त्र हुनै सक्दैनन् । राज्यप्रति अथवा सामाजिक गतिविधिप्रति अभिमत प्रकट गर्नुअगाडि उसले जेल सजाय सम्झनेछन् । राज्यले पनि सामाजिक सञ्जाल प्रयोगकर्ताको अभिव्यक्तिलाई आफू अनुकुल व्याख्या र मुद्दा चलाउनेछ । यसले संविधानको प्रस्तावनामै रहेको पूर्ण प्रेस तथा वाक स्वतन्त्रताको अधिकार खोस्ने काम हुनेछ । तसर्थ सरकारले गलत नियत राखेर अगाडि बढाएको यो विधेयक फिर्ता लिएर आवश्यक संशोधन गरिनुपर्छ । किनकि सरकारले संविधान प्रदत्त नागरिक अधिकार खोस्न मिल्दैन ।

## सामाजिक सञ्जाल


**रञ्जित तामाङ**

पहिले सामाजिक सञ्जालमा अभिव्यक्त गरिने धारणालाई नियमन गर्न बनेको विधेयकलाई गोकुल बाँस्कोटासँग जोडेर धेरै अजासु मान्छे घुमाउने रोग लागेको बाखा जसरी फन्फनिएका थिए । अहिले त्यही विधेयक अघि बढेछ तर, चाइँचुइँ छैन त ! एउटा सरकार, अनि एउटा मामुली मन्त्री फेरिँदा पनि यत्रो फरक ?


**किशोर नेपाल**

पूर्व उप-राष्ट्रपति नन्द किशोर पुनः राजनीतिमा आउन लागेकोमा पूर्व राष्ट्रपति विद्या भण्डारी त्यत्तिकै हर्ष विभोर हुनु भएको होइन, यो नेपालका नेताहरूको पदलोलुप चरित्रको पराकाष्ठा हो । कार्यकारी पद नभई पैसा आउँदैन । पैसा नभई सुख चैन पनि आउँदैन । नीतिले भनेको छ : धन नभएसम्म सुख पाइँदैन ।


**मधुकर खनाल**

सम्मानित अदालतले मागेको धरौटीको विषयमा पनि जान्नेहरूको असन्तुष्टि । अहिलेसम्म त धरौटी राख्न ढाकारामको मूल्यले पुगेकै छ । अब चितवन र पर्साको चाहिँ धरौटी राख्न पुनः पापड मोल्नुपर्ने देखियो । असन्तुष्टि भए बेरितको निवेदन माथिल्लो अदालतमा दिँदा भयो त ।


**कृष्ण घिमिरे**

एकपछि अर्को विवादमा ऊर्जा मन्त्री खड्का । स्वार्थ बाझिने गरी आफ्नै होटेलमा विधेयक छलफल । यस्तालाई मन्त्री बनाएर कांग्रेस र बामालेले आफ्नो घुँडामा बन्चरो आफै किन हानी राखेका छन् ? यसले प्रमाणित गर्छ, सरकारको बदनियत ।

# स्वतन्त्रता कि दासता ?

*हामी डिजिटल क्रान्तिको युगमा छौं भनेर भनिरहँदा हामीले यसको मानव र प्रकृतिका विरुद्ध हुनसक्ने दुरुपयोग र त्यसको भयावह दुष्परिणामबाट बच्ने सार्थक र मूर्त उपायहरूको खोजी गर्नु पनि अतिकै आवश्यक छ ।*

अग्रलेख



● लोकनारायण सुबेदी

हामी २१औं शताब्दीको विकासको युगमा छौं । युगअनुसार हाम्रो चेतना मात्रै विकास भएको छैन, हामी प्रविधि प्रयोगको हिसाबले पनि धेरै अगाडि छौं । जसमा अहिले सबैभन्दा बढी सूचना-प्रविधिको विषय जोडिएको पाइन्छ । जुन हाम्रो कल्पनाभन्दा माथिबाट विकास भइरहेको छ । यद्यपि, यी विकासले केही प्रश्नहरू उब्जाउन थालेको छ । कतै विकाससँगै हामी फरक दासताको युगमा त प्रवेश गर्दै छैनौ ? यो निकै सोचनीय प्रश्न बनेको छ ।

सबैलाई थाहा छ, आजको विश्वमा स्वाभाविक रूपमा बहुचर्चित दुई जना व्यक्ति छन् । तीमध्येका एक हुन् 'एलन मस्क' अर्का हुन् 'मार्क जुकरवर्ग'। विश्वभरिका सञ्चार माध्यमहरूमा आज यिनै दुई जनाको नयाँ 'फ्री स्पीच' सम्बन्धी नीतिहरूको चिन्ता र चर्चा चलिरहेको छ । यी दुवै नै आजको डिजिटल क्रान्तिको कालखण्डमा विश्वकै सबैभन्दा धनाढ्य व्यक्ति बन्न पुगेका छन् । यसरी विश्वका सबैभन्दा धनी व्यक्ति बनेका एलन मस्क यति बेला ४२१.२ बिलियन डलरको मालिक छन् भने मार्क जुकरवर्ग २१६ बिलियन डलरका मालिक छन् ।

अभूतपूर्व प्रविधि क्रान्तिको एउटै कालखण्डमा दुवै व्यक्ति संसारकै अत्यधिक धनी व्यक्ति बनेका छन् भने यी दुबैका बिच प्रतिस्पर्धा पनि भइरहेको छ । बितेको वर्षमा ती दुईका बिच यस्तो व्यक्तिगत चर्काचर्की पनि परेको थियो कि ती एकले अर्कोलाई 'कुङफू' किसिमको लडाई गर्ने चुनौती पनि दिएका थिए । तर, त्यसलाई पछिबाट फिर्ता लिइएको थियो । तर, उनीहरूबिचको लडाइँ पूरै रोकिएको भने छैन ।

सबैलाई थाहा भएकै कुरा हो कि एलन मस्कले गएका दिनमा 'ट्विटर' नामको प्लेटफर्म ठूलो रकम तिरेर किने । अनि त्यसको नाम परिवर्तन गरेर 'एक्स' राखे । त्यसमाथिको व्यक्तिगत 'सेन्सर' पनि हटाएर त्यसलाई 'फ्री स्पीच'को पक्षधर पनि बनाइदिए । अमेरिकी चुनावमा ट्रम्पको पक्षमा मस्कले सो प्लेटफर्ममार्फत 'अभियान' पनि चलाए । शायद त्यसै कारणले पनि होला मस्कले बेलायतमा 'साना बालिकाहरूमाथि एक थरी पाकिस्तानीद्वारा गरिएको जबरजस्ती यौन दुराचार काण्डका विरुद्ध बेलायतका प्रधानमन्त्रीसम्मलाई ताने । यसबाट स्पष्ट हुन्छ कि एलन मस्क माइक्रो मिडिया प्लेटफर्म 'एक्स' मालिक मात्र होइनन् आफ्नो 'एक्स'का आफ्नै किसिमका एक 'अभियन्ता' पनि हुन् । उनी 'विश्व जनमत'लाई प्रभावित तुल्याउने गरी अगाडि बढिरहेका छन् ।

एलन मस्कको 'एक्स'को 'फ्री स्पीचवादी' नीतिलाई देखेर जुकरवर्गले पनि आफ्नो 'मेटा'मा आउने 'कन्टेन्ट'लाई 'फुल्ली फ्री' गर्न सकिने बताउन थालेका छन् । एलन मस्कले जस्तै जुकरवर्गले पनि यसलाई डिजिटल क्रान्तिका लागि आवश्यक 'फ्रीडम अफ स्पिच' भन्ने नाम दिएका छन् । उनले विश्वभरिमा मानिसले आफू स्वयंलाई 'मुक्त भाव' व्यक्त गर्न सक्दछ ।

आज एलन मस्क अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पको समूहका एक शक्तिशाली सदस्य मात्र बनेका छैनन्, ट्रम्पका नीतिहरूका समर्थक, निर्माता तथा प्रचारक पनि बनेका छन् । त्यसको कारण उनको पैसाको 'शक्ति' हो । अर्कोतिर जुकरवर्ग पनि प्रविधि क्रान्तिका एउटा ठूला प्रणेता र विश्वमा सबैभन्दा लोकप्रिय डिजिटल प्लेटफर्म 'फेसबुक'का मालिक हुन् । विश्वभरिमा तीन अर्बभन्दा बढी मानिसहरू आज उनको 'फेसबुक' र उनको 'ह्वाट्सएप' नामको डिजिटल प्लेटफर्मको उपयोग गर्दछन् र आफूलाई अनेक किसिमले अभिव्यक्त गर्ने गर्दछन् । संवाद गर्ने गर्दछन् । एक अर्कासँग सम्बन्ध बनाउने गर्दछन् । अनि समाजको समानान्तर आ-आफ्ना समूह र समुदाय बनाउँदछन् ।

भनिरहनु नपर्ला कि 'एक्स' होस् वा 'फेसबुक' वा 'ह्वाट्सएप' आदि प्लेटफर्मले विश्वको राजनीतिदेखि अर्थनीति, सांस्कृतिक नीति यतिसम्म कि युद्ध नीतिलाई पनि प्रभावित तुल्याउँदछन् । यस्ता प्लेटफर्महरूको माध्यमबाट 'सेट' गरिने गरेका 'भाष्य' या 'न्यारेटिभ'ले कुनै पनि देशमा हस्तक्षेप गर्न सक्दछन् । कसैलाई उठाउन र कसैलाई खसाल्न सक्दछन् । सत्यलाई झूटो र झूटोलाई सत्य बनाएर बेच्न सक्छन् । 'फेक न्यूज' 'पोष्ट ट्रुथ' र यस्तै विभिन्न 'पद' र 'पदावली'हरूले आजको डिजिटल सञ्चार माध्यमहरूलाई समेत 'सन्दिग्ध' बनाइसकेका छन् । त्यसले आज के 'सत्य' हो के 'झूटा' हो वास्तविक यथार्थ थाहा हुन छोडेको छ । कुन 'झूट'लाई 'सत्य' जस्तै बनाएर लगातार प्रसारित गर्ने, 'भाइरल' तुल्याउने अथवा 'बहस' महत्वपूर्ण विषय बनाउने या 'न्यारेटिभ' बनाउनाले कहाँ के-कस्तो परिणाम उत्पन्न गर्न सकिने हो अजाका धेरैजसो खबरहरू, अर्थात् 'भिडिओ', 'ह्वाट्सप', 'फोटोहरू' आदि यसै हिसाबले पहिला नै तय गरेर प्रसारित गर्ने गरिन्छन्, अनि त्यसको जे परिणाम हुन जान्छ त्यो पनि 'आउट अफ कन्ट्रोल' हुन पुग्ने गरेको बताइन्छ ।




जति बेला प्लेटफर्ममा एक प्रकारको 'निजी सेन्सर' लाग्दथ्यो, जसले मानेर चल्दथ्यो कि धेरैजसो 'अतिवादी' आतंकवादलाई उक्साउनेहरू' हिंस्रक मानसिकतालाई उक्साउनेहरू' र 'घृणा फैलाउनेहरू'माथि यथासम्भव सेन्सर लगाइनु ठिक थियो । तर, आजको समकालीन 'फ्रि स्पीच'को नयाँ वकालतको वास्तविक कारण के हो भन्ने कुरा पनि एकदमै विचारणीय छ । कतिपयले मान्दछन् कि डोनाल्ड ट्रम्पले जस्तै विश्वका कतिपय देशहरूमा जति बेला दक्षिणपन्थी सबल बनेको छ, त्यति बेलादेखि यी नयाँ प्लेटफर्मलाई 'फ्री स्पीच'को नयाँ दौडा परेको छ । पहिला यसलाई 'एक्स'ले लागु गरेको हो । अब 'मेटा'ले पनि लागु गर्न थालेको छ । संवेदनशील कतिपयको मान्यता के छ देखिएको छ भने यो 'डिजिटल क्रान्ति'नयाँ मालिकहरू नयाँ तानाशाह हुन् । यो 'नयाँ स्वतन्त्रता'को नाममा 'नयाँ दासता' हो । अनि यसबाट छुटकारा भने त्यति बेला मात्र पाउन सकिने या मिल्नेछ जति बेला हरेक देशहरू आफैले 'डिजिटल क्रान्ति' गर्नेछन् र आफ्नै स्वदेशी 'प्लेटफर्म' उत्पन्न गर्नेछन् ।

आज हामी डिजिटल क्रान्तिको युगमा छौं भनेर भनिरहँदा हामीले यसको मानव र प्रकृतिका विरुद्ध हुनसक्ने दुरुपयोग र त्यसको भयावह दुष्परिणामबाट बच्ने सार्थक र मूर्त उपायहरूको खोजी गर्नु पनि उत्तिकै आवश्यक छ । अन्यथा, विज्ञान र प्रविधिको दुष्परिणामदारी दुर्घटनाबाट उम्किन सकिने छैन । त्यति बेला वरदान अभिशापमा परिणत हुनेछ । समाज मुक्त होइन दासताको सिकार हुनुको कुनै विकल्प विकसित गर्न सकिने छैन । समयमा नै सबैलाई ज्ञात हुन आवश्यक छ ।


> भनिरहनु नपर्ला कि 'एक्स' होस् वा 'फेसबुक' वा 'ह्वाट्सएप' आदि प्लेटफर्मले विश्वको राजनीतिदेखि अर्थनीति, सांस्कृतिक नीति यतिसम्म कि युद्ध नीतिलाई पनि प्रभावित तुल्याउँदछन् । यस्ता प्लेटफर्महरूको माध्यमबाट 'सेट' गरिने गरेका 'भाष्य' या 'न्यारेटिभ'ले कुनै पनि देशमा हस्तक्षेप गर्न सक्दछन् । कसैलाई उठाउन र कसैलाई खसाल्न सक्दछन् ।

## इतिहासमा आज

२८ जनवरी १९८६ मा अमेरिकी अन्तरिक्ष यान 'च्यालेन्जर' फ्लोरिडाबाट उडान भरेको ७३ सेकेन्डमै विस्फोट भयो । जसमा सवार सबै सदस्यको मृत्यु भयो । जसमा एक स्कूल शिक्षिका पनि थिइन् । जसलाई अन्तरिक्षमा यात्रा गर्ने पहिलो अमेरिकी नागरिकको रूपमा छानिएको थियो ।



२८ जनवरी १८१३ मा जेन अस्टिनको 'प्राइड एण्ड प्रेज्युडिस' प्रकाशित भएको थियो । जसले निकै चर्चा बटुलेको थियो । जसको चर्चाको पछि केन्द्रीय पात्र एलिजाबेथ बेनेट थिइन् ।




२८ जनवरी १९३३ मा 'पाकिस्तान'को नामाकरण भएको थियो । जसको नाम चौधरी रहमत अलीले राखेका थिए । र, बिस्तारै भारतीय उपमहाद्वीपका मुस्लिमहरूले यसलाई स्वीकार गरे । जसले यसलाई दक्षिण एसियामा छुट्टै मुस्लिम देशको पहिचान दियो ।



२८ जनवरी २०१७ मा अमेरिकी टेनिस आइकन सेरेना विलियम्सले आफ्नी जेठी बहिनी भेनस विलियम्सलाई ६-४, ६-४ ले पराजित गर्दै आफ्नो ७ औं अष्ट्रेलियाली उपाधि र २३ औं ग्रान्ड स्लाम इभेन्ट एकल जितको रेकर्ड बनाइन् ।



# नुन र मुटुको स्वास्थ्य

स्वास्थ्य



● डा राजेन्द्र कोजु

नुन हाम्रो भान्छाको एक अपरिहार्य वस्तु हो । हामीले बिहानको नास्तादेखि खाना, दिउँसोको खाजा र साँझको खानामा नुनको प्रयोग गरेकै हुन्छौं । अझ भनौं नुन हाम्रो जिब्रोको स्वाद हो, जसको अभावमा हामीले खाने भोजन स्वादिष्ट हुँदैन । नुनको अभावमा शरीरमा आलस्यता आउने मात्र होइन, स्वास्थ्यमा अनेक समस्या हुने गर्दछ । नुन हाम्रो संस्कृतिसँग पनि जोडिएको छ । जुठो बार्दा नुन नखाने, कतिपय पूजाआजामा अनिवार्य प्रयोग गरिन्छ । यसरी हाम्रो शरीरका लागि अपरिहार्य नुन किन फेरि हानिकारक छ त भन्ने प्रश्न पनि उठ्ने गर्दछ । ठिक्क हुँदा ठिक, बेसी हुँदा हानिकारक हुने भएकाले नुनको प्रयोगमा ध्यान दिनुपर्छ । दैनिक कति नुन हाम्रो शरीरका लागि आवश्यक हो त भन्ने कुरा व्यक्तिको जीवनशैली, ठाउँ र स्वास्थ्य अवस्थाले पनि केही फरक पार्न सक्छ । सामान्यतः दैनिक २ देखि ३ ग्रामसम्म नुन (सोडियम) सेवन गर्नु उपयुक्त हुन्छ । बढीमा ५ ग्राममा सीमित रहने गरी खान सकिने भन्ने विश्व स्वास्थ्य संगठन (डब्लुएचओ)ले पनि भनेको छ ।

नेपालमा नुन सेवन र मुटु रोगको सम्बन्ध गम्भीर चिन्ताको विषय बनेको छ । आयोडिनयुक्त नुनले थाइराइड जस्ता रोग नियन्त्रण गर्न सहयोग पुऱ्याए पनि यसको अत्यधिक सेवनले मुटु रोगलाई निम्त्याउन सक्छ । यहाँका मानिसको जीवनशैली, खानपान र स्वास्थ्य शिक्षाको अभावका कारण नुनको अत्यधिक सेवन र यसको कारणले हुने मुटु रोगका समस्या बढ्दो क्रममा छन् । हाम्रो स्वास्थ्यका लागि २ देखि ३ ग्राम उपयुक्त हुन्छ तर अधिकांश नेपालीले दैनिक पाँच ग्रामभन्दा धेरै नुन सेवन गर्ने गर्छन् । विशेषगरी अचार, तिक्खर खानेकुरा, तथा प्रशोधित खानेकुराहरू जस्तै, लेज, कुरकुरे, चाउचाउ आदिमा उच्च मात्रामा नुन हुन्छ । ग्रामीण क्षेत्रमा प्राकृतिक खानाको प्रयोग भए पनि, सहरी क्षेत्रमा प्रशोधित खाना र फास्ट फुडको लोकप्रियताले नुन सेवनको दर उच्च देखिएको छ ।

नुन र मुटुरोगबीचको सम्बन्ध धेरै अध्ययनहरूद्वारा पुष्टि भएको छ । नुनमा सोडियमको मात्रा धेरै हुन्छ । अत्यधिक सोडियमले शरीरमा पानी थुप्रिने (पानी धारण गर्ने) समस्या उत्पन्न गराउँछ, जसले गर्दा रक्तचाप बढ्छ । रक्तचापले मुटु र रक्त नलीहरूको स्वास्थ्यमा प्रतिकूल प्रभाव पार्न सक्छ । उच्च रक्तचाप (हाइपरटेन्सन) मुटु रोगको प्रमुख जोखिम कारक हो । नेपालमा हृदय रोग मृत्युको प्रमुख कारणमध्ये एक हो । उच्च रक्तचाप र यसका कारण मुटु रोग हुने समस्या नेपालमा तीव्र रूपमा बढ्दै छ । डब्लुएचओका अनुसार, नेपालमा लगभग ३० प्रतिशत वयस्क जनसंख्या उच्च रक्तचापको जोखिममा छ ।

लामो समयसम्म उच्च रक्तचाप रहिरहेमा मुटुको मांसपेशीमा अनावश्यक दबाब पर्छ । यसले मुटुको असामान्य कार्यक्षमता, हृदयाघात र स्ट्रोकजस्ता समस्या निम्त्याउन सक्छ । नुनको अत्यधिक सेवनले धमनीहरूलाई सख्त बनाउँछ । यो प्रक्रियाले रक्त प्रवाहलाई अवरुद्ध गर्न सक्छ, जसले मुटुमा अक्सिजनको अभाव गराउँछ । धेरै नुन सेवन गर्ने व्यक्तिहरूमा पानी र सोडियमको सन्तुलन बिग्रन सक्छ । यसले मुटुको काम गर्न कठिन बनाउँछ, जसले मुटुको विफलताको सम्भावना बढाउँछ । नेपालमा स्वास्थ्य मन्त्रालयः उच्च रक्तचाप र मुटु रोग नियन्त्रणका लागि केही कार्यक्रम र जनचेतनामूलक गतिविधि गर्दै आएको छ । नुनको उपभोग कम गर्ने रणनीति बनाउन डब्लुएचओले नेपाल सरकारसँग सहकार्य गरिरहेको छ ।

विश्वका विकसित देशहरूमा नुनको प्रयोग कम गर्न राज्य स्तरबाटै पहलहरू भएको पाइन्छ । अमेरिकी सरकारले नुनको प्रयोग कम गर्न जनचेतना अभियान र खाद्य उद्योगमा नयाँ मापदण्ड लागू गरिरहेको छ । ल्याटिन अमेरिका मुलुकहरू ब्राजिल, मेक्सिको, अर्जेन्टिनाजस्ता देशहरूमा औसत नुन सेवन उच्च (८-११ ग्राम प्रतिदिन) छ । बेलायत, फिनल्यान्ड, डेनमार्कलगायत युरोपेली देशहरूमा नुन सेवन कम गर्न ठूला अभियान सञ्चालन गरिएको छ । बेलायतमा नुन सेवन कम गर्न पब्लिक हेल्थ इङ्गल्यान्डले फुड म्यान्युफ्याक्चरर्सलाई प्रशोधित खानामा नुन घटाउन निर्देशन दिएको छ । छिमेकी मुलुक चीनमा औसत नुन सेवन १०-१२ ग्राम प्रतिदिन रहेकाले त्यसलाई घटाउन सरकारले जनचेतना कार्यक्रम सञ्चालन गरेको छ ।

नुन र मुटु रोगबिचको सम्बन्धबारे जनचेतना अभिवृद्धि गर्नु आवश्यक छ । प्रशोधित खाना, जस्तैः चिप्स, तयारी खाना (जंक फुड), डिब्बामा बन्द गरिएका खाना आदिमा सोडियम धेरै हुनुहुँदा यस्ता खानेकुराहरूबाट टाढै बस्नु उपयुक्त हुन्छ । नियमित व्यायाम, सन्तुलित आहार र तनाव व्यवस्थापनले मुटु रोगको जोखिम कम गर्न मद्दत गर्छ । यदि तपाईंमा मुटु रोग वा उच्च रक्तचापको इतिहास छ भने चिकित्सकसँग परामर्श गरेर नुन सेवनको उचित सीमा निर्धारण गर्नु अत्यन्त महत्वपूर्ण छ ।

घरमा खाना पकाउँदा नुनको मात्रा नियन्त्रण गर्नु र बाहिरका प्रशोधित खानेकुरा कम गर्नुपर्छ । यसका लागि धेरै किसिमका तरकारीको सट्टा एक वा दुई किसिमका तरकारी वा दालको प्रयोग गर्ने, सागपातहरूमा नुनको प्रयोग नगर्ने, एउटा तरकारीमा नुन राखेमा अर्कोमा नराख्नेजस्ता तरिका पनि अपनाउन सकिन्छ । नियमित रूपमा रक्तचाप जाँच गर्न र मुटु रोगको प्रारम्भिक उपचार सुनिश्चित गर्ने गरिएमा मुटुजन्य स्वास्थ्य समस्या आउन पाउँदैन । स्थानीय, ताजा र सन्तुलित खाना खाने बानी बसाल्नु, व्यायाम गर्नु र धूम्रपान तथा मद्यपान त्याग्नु जरुरी छ ।

> लामो समयसम्म उच्च रक्तचाप रहिरहेमा मुटुको मांसपेशीमा अनावश्यक दबाब पर्छ । यसले मुटुको असामान्य कार्यक्षमता, हृदयाघात र स्ट्रोकजस्ता समस्या निम्त्याउन सक्छ । नुनको अत्यधिक सेवनले धमनीहरूलाई सख्त बनाउँछ । यो प्रक्रियाले रक्त प्रवाहलाई अवरुद्ध गर्न सक्छ, जसले मुटुमा अक्सिजनको अभाव गराउँछ ।

# तरकारी खेतीबाट मनग्ये आम्दानी गर्दै पाण्डे

**सूर्यप्रसाद भुसाल/मध्यान्ह**
अर्घाखाँची, १५ माघ



अर्घाखाँचीको सन्धिखर्क नगरपालिका वडा नम्बर ६ नरपानीका दिपक पाण्डे पेसाले निजामती कर्मचारी हुन् । उनले विभिन्न सिजन अनुसारका टिमुर, चिउरी, तेजपत्ताका बिरुवा तथा काउली, टमाटर, आलु, साग बेचेर वार्षिक ६ लाख बढी आम्दानी गर्दै आएका छन् ।

विगत १० वर्षदेखि व्यावसायिक रूपमा टिमुरका बिरुवा, चिउरी, तेजपत्ता, प्याजका बिरुवा उत्पादन गर्दै आएका उनी अहिले सन्धिखर्क बजार क्षेत्रका असल बिरुवा उत्पादक तथा तरकारी खेती गर्ने किसानका रूपमा परिचित छन् ।

सन्धिखर्क नगरपालिका वडा नम्बर २ चुत्राबेसी पुलचोक सालझन्डि सन्धिखर्क सडक छेउमा पाण्डेको घर छ। करिब दुई रोपनी जग्गामा तरकारी खेती टिमुर, चिउरी, प्याजका बिरुवा उत्पादन गर्न छुट्याएको र सो ठाउँमा खेती गरिएको पाण्डेले बताए ।

लामो समयदेखि निरन्तर रूपमा नर्सरी तयार गरी विभिन्न जातका बिरुवा उत्पादन तथा बिक्री गर्दै आएको पाण्डेको भनाइ छ । उनका अनुसार बिरुवा तरकारी बिक्री गरेर एक सिजनमा ६ लाख भन्दा बढी आम्दानी हुने गरेको छ।

'बिरुवाहरु उत्पादन गर्न धेरै समय नलाग्ने, कम लगानीमा मनग्ये आम्दानी लिन सकिन्छ', पाण्डेले भने, 'स्थानीय तथा बाहिरबाट आउने व्यापारीले यहाँबाट बिरुवा खरिद गरी लैजान्छन् । टिमुर, चिउरी तथा प्याज काउलीकाबिरुवा खरिद गर्न आउने ग्राहकले बन्दा, काउली, ब्रोकाउली, गोलभैँडालगायत बिरुवा खोज्ने भएकाले यी बिरुवा पनि उत्पादन गर्न थालेको छु ।'

पाण्डेका अनुसार प्याज मुट्ठीको ५० रुपैयाँ, काउली ५ रुपैयाँको एउटा, हाइब्रिड बन्दा पाँचको एउटा, स्थानीय बन्दा पाँचको दुई वटा, ब्रोकाउली १० को एउटा र टिमुर ५० को एउटा भइरहेको छ ।

'टिमुरका बिरुवा उत्पादनलाई प्रमुख व्यवसाय बनाएको छु । यहाँ आउने ग्राहकको सजिलोका लागि अन्य तरकारीका बिरुवा पनि उमार्ने गरेको छु', पाण्डेले भने, 'एकै ठाउँमा आफूलाई चाहिएको सबै जातका बिरुवा पाइने भएपछि ग्राहकलाई पनि सहज भएको छ ।' अफिस जानू भन्दा पहिला बिहान ६ बजेदेखि ९ बजे र बेलुका ४ बजेदेखि ७ बजेसम्म नर्सरीमा काम गरेको उनले बताए । उनले भने, 'मेरो परिवारबाट पनि कामका लागि सहयोग भएको छ । हामी घरमा ३ जना सरकारी जागिरे छौं ।'

बिरुवा खरिद गर्दा निकै झन्झटिलो हुने भएकोले अरुको नर्सरीबाट बिरुवा किन्दा रोजेर चाहे जस्तो लैजान नदिएपछि आफैँले बिरुवा उत्पादन थालेको पाण्डेले बताए ।

१ किलो टिमुरको बिउबाट व्यवसाय सुरु गरेको भन्दै बिरुवा उत्पादन राम्रो हुँदै गएपछि क्षेत्रफल पनि बढाउँदै लगेको उनको भनाइ छ ।

यहाँ उत्पादित बिरुवा अर्घाखाँचीमै खपत हुने गरेको छ । यसवर्ष ५ देखि ६ आम्दानी हुने अनुमान गरिएको उनका छोरा राजु पाण्डेले बताए । बिरुवा उखेल्ने र बिक्री गर्ने काममा पाण्डेको हो । उनी बिहान बेलुका खटिएर काम गर्छन् । 'हरियाली बिरुवा देखेपछि गाडी ल्याएर ग्राहक यही आउँछन् । हामीले तयारी बनाएर राखिदिने गरेका छौं' उनले भने ।

सन्धिखर्क नगरपालिका वडा नम्बर ६ नरपानीमा पनि उनको सुपा देउराली एग्रो फरेष्टी नर्सरी छ ।

उनकी श्रीमती कमला ओलिले पनि करिब एक रोपनी जग्गामा नर्सरी तयार पारेर बिरुवा उत्पादन गर्ने गर्छिन् । काउली, बन्दा, ब्रोकाउली, गोलभैँडा उत्पादन सँगसँगै हुने भएकाले एक सिजनमा एक लाखबढी आम्दानी हुने गरेको पाण्डेले बताए । तरकारी खेतीको तुलनामा छोटो समयमा बढी आम्दानी बिरुवाबाट हुने भएकाले बिरुवा उत्पादनमा जोड दिएको उनको अनुभव छ ।

छोटो समयमा धेरै आम्दानी गर्न सकिने भएकाले पछिल्लो समय बिरुवा उत्पादनमा किसानको आकर्षण बढेको कृषि ज्ञान केन्द्रका प्रमुख बुद्धिराज घिमिरेले बताउँछन् । ठूलो परिमाणमा उत्पादन गर्ने किसानलाई ज्ञानकेन्द्रबाट प्राविधिक सहयोग गरिने उनको भनाइ छ । पाण्डे पाणिनी सबडिभिजन कार्यालय अर्घाखाँचीका प्रमुख तथा नेपाल निजामती कर्मचारी युनियन अर्घाखाँचीका अध्यक्ष हुन् ।

# माओवादीद्वारा २ घण्टा पूर्वपश्चिम राजमार्ग बन्द

**घनश्याम बलम्पाकी/मध्यान्ह**
सर्लाही, १५ माघ



नेकपा माओवादी केन्द्र सर्लाहीले मंगलबार पूर्वपश्चिम राजमार्ग अन्तर्गत बागमती नगरपालिकाको पुतलीचोकमा दुई घण्टाका लागि चक्काजाम गरेको छ ।

बागमती नगरपालिकाका प्रमुख भरतकुमार थापा, उपप्रमुख लीलाकुमारी मोक्तानलगायतलाई झुटा वन मुद्दा दायर गरेर फसाउने षड्यन्त्र भएको आरोप लगाउँदै माओवादी केन्द्र सर्लाही अहिले आन्दोलित छ ।

चरणबद्ध आन्दोलनको कार्यक्रम अन्तर्गत सो पार्टीले दुई घण्टा चक्काजाम गरेको हो । बन्द कार्यक्रममा पार्टीका जिल्ला नेता, कार्यकर्तालगायत ठूलो संख्यामा समर्थकको उपस्थिति रहेको छ ।

यसअघि आइतबार डिभिजन वन कार्यालय लालबन्दीमा धर्ना कार्यक्रम र सोमबार जिल्लाको मुख्य ठाउँहरुमा मशाल जुलुस प्रदर्शन गरेको थियो । आफ्ना पार्टीबाट निर्वाचित बागमतीका नगरप्रमुख, उपप्रमुखलगायतमाथि वन मुद्दा दायर गर्न लागिएपछि आन्दोलित माओवादीले आन्दोलनको कार्यक्रमअन्तर्गत बुधबार अनिश्चितकालीन चक्काजाम गर्ने कार्यक्रम तय गरेको सर्लाही माओवादीले जनाएको छ ।

संघीय तथा प्रदेशको वन मन्त्रालयले बागमतीमा निर्माणाधीन बागमती माछा पोखरी (भरत ताल) र आसपासको क्षेत्रमा बसेको बस्ती सागरमाथ वन विकास परियोजनाको वन क्षेत्रभित्र पर्ने/नपर्ने भनी अनुसन्धान गर्न डिभिजन वन कार्यालयलाई पत्र पठाएको छ । मन्त्रालयबाट पत्र प्राप्त भएपछि वन कार्यालयले अनुसन्धान अधिकृत तोकेर पोखरी निर्माण भएको स्थल तथा आसपासको बस्ती वन क्षेत्रभित्र पर्ने/नपर्ने वा संरचना निर्माणका क्रममा स्वीकृत लिए/नलिएको अनुसन्धान सुरु गरेको छ ।


## शिलबन्दी दरभाउपत्र आव्हानको सूचना

**(प्रथम पटक प्रकाशित मितिः २०८१/१०/१६)**

कर्णाली प्रदेश रुकुम पश्चिम जिल्ला आठविसकोट नगरपालिका सबैको लागि दिगो खानेपानी सरसफाई तथा स्वच्छता (सुस्वा) आयोजनाको सहयोगमा वडा नं. ७, ११ र १३ मा सञ्चालित तपशिलका खानेपानी तथा सरसफाई योजनाहरुको लागि आयोजनाको खरिद निर्देशिका बमोजिम खानेपानी योजनामा प्रयोग हुने निर्माण सामग्रीहरु,पाइपहरु तथा फिटिङ्गहरु खरिद गर्नुपर्ने भएकाले दरभाउपत्रमा उल्लेखित परिमाण तथा दरभाउपत्र साथ उपलब्ध गराइएको स्पेशिफिकेशन बमोजिमको तौल र गुणस्तरका सामानहरु निम्न शर्तको अधिनमा रहि सप्लाई गर्न ईच्छुक मूल्य अभिवृद्धी करमा दर्ता भएका फर्म वा सप्लायर्सबाट शिलबन्दी दरभाउपत्र आव्हान् गरिएको छ ।

तपशिल

| शिलबन्दी दरभाउपत्र नम्वर | खानेपानी तथा सरसफाई योजनाको नाम | उपभोक्ता समितिको खाता नम्बर रहेको बैकको नाम र खाता नम्वर | शिलबन्दी दरभाउपत्रको अनुमानित बजेट (भ्याट र ढुवानी बाहेकको) | दरभाउपत्र खरिद रकम (पछि फिर्ता नहुने गरी) | बोलपत्र जमानत वापतको रकम |
|---|---|---|---|---|---|
| LGJWASH/SQ/07/081/082 | लाँता गगुनपानी जेबीचौर खानेपानी तथा सरसफाई योजना | प्रभु बैक शाखा कार्यालय आठविसकोट रुकुम पश्चिम २६००१५६५०५८०००१७ | ४,६७७,४३८.३७ | ३०००.०० | १४०३२३.१५ |
| SBWASH/SQ/03/081/082 | सिमबजार खानेपानी तथा सरसफाई योजना | प्रभु बैक शाखा कार्यालय आठविसकोट रुकुम पश्चिम २६००१५६४९७०००ं०१३ | ३,२३४,३१५.५२ | ३०००.०० | ९७०२९.४७ |
| MJWASH/SQ/04/081/082 | माझगाउँ खानेपानी तथा सरसफाई योजना | प्रभु बैक शाखा कार्यालय आठविसकोट रुकुम पश्चिम २६००१५६५१५०००ं०१८ | १,८६२,१५४.६९ | १०००.०० | ५५८६४.६४ |
| MGWASH/SQ/05/081/082 | डाडाँगाउँ फारुला खानेपानी तथा सरसफाई योजना | प्रभु बैक शाखा कार्यालय आठविसकोट रुकुम पश्चिम २६००१५६५५५०००१३ | १,६८५,२४३.७१ | १०००.०० | ५०५५७.३१ |
| RMWASH/SQ/06/081/082 | रिठा बहुउपयोगी खानेपानी तथा सरसफाई योजना | प्रभु बैक शाखा कार्यालय आठविसकोट रुकुम पश्चिम २६००१५६४९७१०००१० | २,०२४,६७२.१५ | ३०००.०० | ६०७४०.१६ |
| GPBWASH/SQ/01/081/082 | गुडगुडे पाखा भल्मा खानेपानी तथा सरसफाई योजना | प्रभु बैक शाखा कार्यालय आठविसकोट रुकुम पश्चिम २६००१५६४९४४०००१४ | १,३६६,५३३.१५ | १०००.०० | ४०९९५.९९ |

**शर्तहरु**

१. विभिन्न आवश्यक निर्माण सामग्री पाइप तथा फिटिङ्गहरु सप्लाई सम्बन्धी दरभाउपत्र फारम प्रति फारम माथी उल्लेखत शुल्क तिरी पछि फिर्ता नहुने गरी आठविसकोट नगरपालिका अन्तर्गत रहेको प्रभु बैंक शाखामा रहेको आठविसकोट नगरपालिकाको आन्तरिक राजश्व खाता नं. प्रभु बैंक शाखा कार्यालय आठविसकोट खाता नं. २६०७०८९८१५०००१७८ मा नगद रकम दाखिला गरी सक्कलै भौचर आठविसकोट नगरपालिकामा निवेदन सहित पेश गरेपछि मात्र दरभाउपत्र खरिद गर्न पाइने छ । दरभाउपत्र पेश गर्दा सम्बन्धित उपभोक्ता समितिको नाममा बैंकमा रहेको खाता नम्वरमा बैंक ग्यारेन्टी वा नगद रकम जम्मा गरेको भौचर सहित लिखित निवेदनको साथमा शिलबन्दी दरभाउपत्रदाताले खरिद कारबाहीमा भाग लिन अयोग्य नभएको प्रस्तावित खरिद कारबाहिमा आफ्नो स्वार्थ नबाझिएको र सम्बन्धित पेशा वा व्यवसाय सम्बन्धी कसुरमा आफुले सजाए नपाएको भनी लिखित रुपमा स्वःघोषणाको सक्कल प्रतिलिपी फर्म दर्ता मूल्य अभिवृद्धी कर दर्ता अद्यावधिक कर चुक्ताहरुको प्रमाणपत्रहरुको प्रतिलिपी नोटरी पब्लिक फर्मबाट प्रमाणित गरी यो सूचना प्रकाशन भएको मितिले १५ (पन्ध्रौं) दिनभित्र यस कार्यालय समय भित्र आठविसकोट नगरपालिकाको कार्यालयबाट खरिद गर्न सकिने छ ।

२. खरिद गरिएको दरभाउपत्र फारामहरु रितपूर्वक भरि सूचना प्रकाशित भएको १६ सोह्रौं दिनको १२ बजेभित्र प्रचलित कानुनबमोजिम बैंक ग्यारेन्टी जारी गर्न योग्य वाणिज्य बैंक तथा वित्तिय संस्थाबाट न्यूनतम दाखिला गर्ने अन्तिम मितिबाट ४५ (पैतालिस) दिनलाई मान्य बोलपत्र दरभाउ जमानत सहितको ग्यारेन्टी पत्र वा सम्बन्धित उपभोक्ता समितिको बैंकमा रहेको खाता नम्बरमा नगद जम्मा गरेको सक्कल भौचर र उपभोक्तालाई निवेदन सहित दरभाउपत्र आठविसकोट नगरपालिकाको कार्यालयमा दर्ता गराउनुपर्ने छ भने सप्लायरले कुनै एक वा सबै योजनाको लागि दरभाउपत्र पेश गर्न सक्नेछ तर सो दरभाउपत्रहरु प्रत्येक योजनाको छुट्टाछुट्टै भरी छुट्टाछुट्टि शिलबन्दी गरेको हुनुपर्ने छ । दरभाउपत्र फाराम शिलबन्दी गरी शिलबन्दी दरभाउपत्र नं उपभोक्ता समितिको नाम ठेगाना र निर्माण सामग्रीहरु पाइप तथा फिटिङ्ग सप्लाई सम्बन्धी दरभाउपत्र भन्ने ब्यहोरा लेख्नुपर्ने छ ।

३. सम्भावित सप्लायर्स र आपूर्तिकर्ताहरुलाई खरिदको सूचना प्रकाशन भएको मितिले चौथो दिन दरभाउपत्र फाराम तथा खरिद गर्न सामग्रीहरुको स्पेशिफिकेशन वा कोटेशन पेश गर्ने तरिका आदिको बारेमा जानकारी दिन आवश्यक परेमा Pre-Bid Meeting गरिनेछ ।

४. सफल दरभाउपत्रदाताले दरभाउपत्रको जम्मा अनुमानित रकमको १५ प्रतिशत भन्दा कम घटी भएमा ५ % र घटिबढी भएमा कार्य सम्पादन जमानत रकम रु. (०.८५*लागत अनुमान –कबोल मूल्य *०.५)+५% कबोल मूल्यको हिसाब गरी कार्य सम्पादन जमानत रकम सम्बन्धित उपभोक्ताको समितिको बैंक खातामा जम्मा गर्नुपर्ने छ ।

५. शिलबन्दी दरभाउपत्र पेश गर्दा सप्लायरको आधिकारिक प्रतिनिधि वा आफै उपस्थित भइ पेश गर्न सकिनेछ । सिलबन्धी दरभाउपत्र सूचना प्रकाशित भएको मितिले १६औं दिनको १२ बजे भित्र आठविसकोट नगरपालिकाको कार्यालय वा वास इकाईमा पेश गर्न सकिनेछ ।

६. उपरोक्तानुसार प्राप्त भएका दरभाउपत्रहरु मिति दिनको १ बजेतिर आठविसकोट नगरपालिकाको कार्यालय आठविसकोटमा खरिद समितिको प्रतिनिधि तथा साझेदार कार्यालयका प्रतिनिधिहरु र दरभाउपत्रदाताहरु वा निजहरुको प्रतिनिधिहरुको रोहबरमा खोलिनेछ । दरभाउपत्रदाताको प्रतिनिधि उपस्थित नभइमा समेत दरभाउपत्र खोल्न असर पर्ने छैन ।

७. सप्लाई हुने सामग्रीहरुको भुक्तानी उपभोक्ता समितिले तोकिएको स्थान सम्म ढुवानी भै सामग्रीहरु प्राविधिक तथा सम्बन्धित उपभोक्ता समितिले चेकजाँच गरेपछि मात्र सप्लाई भएको सामानको भुक्तानी दिइनेछ ।

८. दरभाउपत्र खरिद गर्ने दर्ता गर्ने तथा खोल्ने अन्तिम दिनहरुमा सार्वजनिक बिदा पर्न गएमा सो को भोलिपल्ट कार्यालय खुलेको दिन बिक्री गरिने दर्ता गरिने वा खोलिने छ ।

९. म्याद नाघी वा रित नपुगी आएको दरभाउपत्र उपर कुनै कारबाही हुने छैन् ।

१०. दरभाउपत्र स्वीकृती गर्ने वा नगर्ने वा आंशिक रुपमा स्वीकृती गर्ने सम्पूर्ण अधिकार संयुक्त खरिद समितिमा सुरक्षित रहनेछ ।

११. यस सम्बन्धी थप शर्तहरु दरभाउपत्र फाराम साथै उपलब्ध गराइने छ । अन्य शर्तहरु आयोजनाको खरिद कार्यविधि बमोजिम हुने ।

१२. यो सूचना केही संशोधन गर्नु परेमा सो को सूचना आठविसकोट नगरपालिका आठविसकोटको सूचना पाटी गरिनेछ ।

१३. अन्य थप जानकारी चाहिएमा आठविसकोट नगरपालिकाको कार्यालय वा मो नं. मा ९८४३१५१६९५ सम्पर्क गर्न सकिने छ ।

**संयुक्त खरिद समिति**
**खानेपानी सरसफाइ उपभोक्ता समिति**
**आठविसकोट नगरपालिका रुकुम पश्चिम**


# गौरमा अनलाइन सिफारिस सेवा सुरु

**सत्येन्द्र प्रताप सिंह/मध्यान्ह**
रौतहट, १५ माघ



रौतहट सदरमुकाम गौर नगरपालिकाले गृह मन्त्रालयद्वारा सञ्चालित केन्द्रिकृत नागरिकता सूचना व्यवस्थापन प्रणाली नागरिकता सिफारिस सेवा अनलाइनमार्फत सुरु गरेको छ ।

सेवा सुरु गर्ने गौरनगरपालिका जिल्लाको पहिलो नगरपालिका बनेको छ । गौर नगरपालिकाको वडा नं. ६ र ९ बाट यो सेवा सुरु गरिएको हो । प्रणालीमार्फत वडाहरूले अनलाइनमार्फत नागरिकता सिफारिस गर्ने प्रक्रियालाई छरितो, सरल, र प्रभावकारी बनाउन मद्दत गर्ने बताइएको छ । नागरिकहरूले यसबाट लामो प्रक्रियालाई छोट्याउँदै डिजिटल प्रविधिको फाइदा लिन सक्नेछन् ।

कार्यक्रममा पहिलो अनलाइन सिफारिस वडा नं. ६ निवासी सीमा कुमारीलाई प्रदान गरिएको छ ।

यस प्रणालीले सबै नागरिकका विवरणहरू व्यवस्थित रूपमा राख्न, अद्यावधिक गर्न र आवश्यक परेमा छिटो उपलब्ध गराउन विशेष योगदान पुऱ्याउने अपेक्षा गरिएको छ ।

जिल्ला प्रशासन कार्यालयसम्म सिफारिस पुऱ्याउने प्रक्रिया अब डिजिटल माध्यमबाट हुनेछ । यसले लामो प्रशासनिक झन्झट हटाउँदै, नागरिकलाई सहज र छिटो सेवा प्राप्त हुने सुनिश्चित गरिने बताइएको छ ।

गौर नगरपालिकाको वडा नं. ९ का वडाध्यक्ष अर्जुन सिंहले उद्घाटन समारोहको नेतृत्व गर्दै अनलाइन सिफारिस प्रणालीको औपचारिक सुरुवात गरेका थिए । उनले यो प्रणालीले नागरिकता प्राप्तिको जटिलतालाई हटाउँदै नागरिकलाई थप सहजता दिने उल्लेख गरे । साथै, यो सेवा संचालनमा ल्याउन गौर नगरपालिकाका कर्मचारीहरूको अथक प्रयास रहेको उनले बताए ।

कार्यक्रममा निमित्त प्रमुख प्रशासकीय अधिकृत सुभाष ठाकुर, सूचना प्राविधि अधिकृत रौशन श्रीवास्तव, र कानुन अधिकृत धीरज कुमार लाल दासको विशेष भूमिका रहेको छ । उनीहरूले यस प्रणालीको प्रभावकारिता र यसको दीर्घकालीन महत्वबारे आफ्नो विचार प्रस्तुत गरेका थिए ।

अनलाइन प्रणाली लागू भएपछि नागरिकहरूले वडामा गइ कागजी प्रक्रिया पुरा गर्नुपर्ने झन्झटबाट मुक्ति पाउने वडाअध्यक्ष सिंहले बताए । यसले समय, स्रोत र श्रमको बचत हुने उनको भनाइ छ।

गौर नगरपालिकाले प्रणालीका अतिरिक्त अन्य डिजिटल सेवाहरू पनि थप गर्दै लैजाने योजना बनाएको छ । नगरपालिकाका सबै वडाहरूलाई क्रमशः प्रणालीमा समेट्ने र सेवाको दायरा विस्तार गर्ने तयारी भइरहेको निमित्त प्रमुख प्रशासकीय अधिकृत सुभाष ठाकुरले बताए । गौर नगरपालिकाको यो डिजिटल कदमले स्थानीय प्रशासनलाई थप प्रभावकारी बनाउँदै नागरिकहरूका लागि अत्याधुनिक सेवा छिटो र पारदर्शी बनाउने विश्वास लिइएको उनले बताए ।

# लागुऔषधसहित भारतीय महिला पक्राउ

**शहबाज खान/मध्यान्ह**
कपिलवस्तु, १५ माघ



कपिलवस्तुको कृष्णनगरबाट लागुऔषधसहित एक भारतीय महिला पक्राउ परेकी छन् ।

कृष्णनगर नगरपालिका वडा नं. ३ ट्रान्समिटर क्षेत्रमा खटिएको प्रहरी टोलीले नेपाल-भारत सीमा पार गर्दै गरेका अवस्थामा भारतीय महिलालाई लागुऔषधसहित पक्राउ गरेको हो । पक्राउ पर्नेमा भारत उत्तर प्रदेशको बलरामपुरकी ३० वर्षीया सरस्वती वि.क.रहेकी छन् ।

उनको साथबाट १ किलो २५ ग्राम चरेस जस्तो देखिने वस्तु फेला परेको छ । उनलाई आवश्यक कारबाहीका लागि जिल्ला अदालतबाट म्याद थप लिइ अनुसन्धान भइरहेको ईलाका प्रहरी कार्यालय कृष्णानगरले जनाएको छ ।


## साउदीमा रोजगार

कम्पनीः **FAST BUILDINGS CONTRACTING COMPANY** शहरः Riyadh
पूर्व स्वीकृत मितिः २०८१/१०/१५ चलानी नं.: ६०२३२१४६ L.T. No.: 317903

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Office and Facilities Cleaning Worker | 8 | 0 | स. काममा दक्ष | 1000 | ३६,७५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनीः **NAJD CONTRACTING COMPANY IS A ONE-PERSON COMPANY.** शहरः Riyadh
पूर्व स्वीकृत मितिः २०८१/१०/१५ चलानी नं.: ६०२३२१४५ L.T. No.: 317904

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Office and Facilities Cleaning Worker | 20 | 0 | स. काममा दक्ष | 1000 | ३६,७५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ माघ २३ गते (5 February 2025) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | रु. १०,००० कामदारले |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**ब्रिज स्काई ईन्टरनेशनल प्रा. लि.**
PO Box : 24789, Dhapasi, Near Shahanshah Hotel, Kathmandu, Nepal.
नेपाल फोन नं. ४९५३३२१, ४९५४९७१ ४९५६३६१, फ्याक्सः ४४६५३९५
Email : admin@bridgeskyint.com.np Website: www.bridgeskyint.com.np
श्रम इजाजत नं. ५७३/०६२/०६३

## UAE र Saudi Arabia मा रोजगार

**1. ASIA PRIME GENERAL CONTRACTING CO. L.L.C - DUBAI, UAE**
पूर्व स्वीकृती मिति २०८१।१०।१५ चलानी नं. ६०२३२०९० LT.No. 317725

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने.रु | हप्तामा कामगर्ने दिन | प्रतिदिन कामगर्ने घण्टा | ओभर टाईम सुविधा | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Stone Mason | 30 | - | स.काममा दक्ष | 1200 | ४५,४०५।- | ६ दिन | ८ घण्टा | क. नि. अनुसार | | छ | | २ वर्ष |
| 2 | Brick Mason | 20 | - | | 1200 | ४५,४०५।- | | | | | | | |
| 3 | Construction Carpenter | 20 | - | | 1200 | ४५,४०५।- | | | | | | | |
| 4 | Building Labourer | 20 | - | | 1000 | ३७,५९०।- | | | | | | | |
| 5 | Bricklayer Assistant | 20 | - | | 1000 | ३७,५९०।- | | | | | | | |

**2. Al Hadaf International Industries Company, KSA** पूर्व स्वीकृति मिति :-२०८१।१०।१४, च. न.:-६०२३२०९२, LT No: 317781

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने.रु | हप्तामा कामगर्ने दिन | प्रतिदिन कामगर्ने घण्टा | ओभर टाईम सुविधा | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Helper | 04 | - | स.काममा दक्ष | 1000 | ३६,९४०।- | ६ दिन | ८ घण्टा | क. नि. अनुसार | | छ | | २ वर्ष |

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले तिर्ने र कति लाग्ने | रोजगार कम्पनीले मेडिकल खर्च दिने/नदिने | स्वदेशमा गरिने बीमा कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बीमा हुने/नहुने र कसले व्यहोर्ने हुने रोजगारदाता | हवाई टिकट कसले दिने र कति लाग्ने | भीषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखीकरण तालिम शुल्क | कल्याणकारी कोष व्यवस्था | सेवा शुल्क |
|---|---|---|---|---|---|---|---|---|
| कामदार आफै | दिने | कामदार आफै | कम्पनीले | नि:शुल्क | नि:शुल्क | कामदार स्वयं रु. ७००।- | कामदार स्वयं रु. १५००।- | निशुल्क |

अन्तर्वार्ता २०८१ माघ २३ गते (5 February, 2025) मेनपावर कार्यालय तिनकुनेमा हुनेछ ।

**ब्रोडलिंक ओभरसिज प्रा. लि.**
तिनकुने, काठमाण्डौ, फोन नं. ५१९९३७८, Email: broadlink907@gmail.com
श्रम इजाजत नं. ९०७/०६७/६८

## UAE मा रोजगार

कम्पनीः **BIN HINDI SECURITY SERVICES** शहरः AJMAN पुनः विज्ञापन
पूर्व स्वीकृत मितिः २०८०/०३/२७ चलानी नं.: ६०२११३७७ L.T. No.:296291

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Guard Male | 30 | 0 | सम्बन्धित काममा दक्ष | 1200 | ४५,०३६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Guard | 50 | 7 | | 2000 | ७५,०६० | | | | | | | |

अन्तर्वार्ता मुनाल ट्रेनिङ सेन्टर, इटहरीमा २०८१ माघ २३ गते (5 February 2025) मा हुनेछ ।
अन्तर्वार्ता गार्डेन रिसोर्ट, चितवनमा २०८१ माघ २४ गते (6 February 2025) मा हुनेछ ।
अन्तर्वार्ता थकाली भान्साघर, पोखरामा २०८१ माघ २५ गते (7 February 2025) मा हुनेछ ।
अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा २०८१ माघ २६ गते (8 February 2025) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | नि:शुल्क |

**NAUKRI NEPAL Recruitment Service Pvt. Ltd.**
Birendra Ayswarya Marga, Mitranagar, Gangabu, Kathmandu
Ph.: 4962686 |4985786 | 4985784 |9801059994, 9801059992, 9801059997, 9801056689
Chitwan Contact No: 056-565123690, 056-56512368, 9769328733, 9763597744,
Itahari Contact No: 9816368105 | 9810591900, Pokhara Contact No : 9856035442 | 9804162771
Email: cv.naukrinepal@gmail.com | Web: www.naukrinepal.com | like us on facebook.com/naukri.nepal
इजाजत पत्र नं. ६५७/०६३/०६४

## Palhinandan Rural Municipality
**Office of Rural Municipal Executive**
**Kushma, Nawalparasi (Ba.Su.Pa.), Lumbini Province, Nepal**

**Request for Quotation**

Palhinandan Rural Municipality Belashpur, Nawalparasi West Request for Quotation for Hiring A Firm For Skills Development Training On Electrical repairs and plumbing

**(Date of First Publication: 2081/10/16)**

1. The Ministry of Labor, Employment and Social Security (MoLESS), Prime Minister Employment Program (PMEP) has received financing from the International Development Association (IDA) toward the cost of Youth Employment Transformation Initiative (YETI) Project_Palhinandan Rural Municipality Belashpur, Nawalparasi West. District has received fund on conditional grant through fiscal transfer from the YETI Project and intends to apply part of the proceeds toward payments under the contract for Hiring a Firm for Skills Development Training in Palhinandan Rural Municipality.
2. A firm will be selected through an open competitive process under the procedures "as specified in the Project Operations Manual of YETI Project from Request for Quotation (RFQ)
3. Palhinandan Rural Municipality Belashpur nawalparasi west District invites sealed quotation from the qualified firms. The brief description of the procurement is as follows.

| S. N. | Description | RFQ Document fee (non-refundable) | Deadline of RFQ-document purchase | RFQ submission deadline (Date and Time) | RFQ-Opening Date and Time |
|---|---|---|---|---|---|
| 1 | Hiring a Firm for Skills Development Training in Electrical Repairs and plumbing (Proc Ref no.1/SRM/Training) | 1000 | 2081.10.29 | 2081.10. 30 12:00 | 2081.10.30 14:00 |

4. The details of the service requirements, eligibility and qualifications required is found in terms of reference (Annex-1).
5. Qualified service providers experience and registered in the same district will get advantage.
6. In case of last date for purchasing, submission and opening of RFQs falls on a Government Holiday, the next working day shall be considered the last day. In such a case, the RFQ validity shall be recognized from the original RFQ submission deadline.
7. The Municipality/Rural Municipality reserves the right to accept or reject any RFQ and to annul the procurement process and reject all RFQs at any time prior to Contract Award, without thereby incurring any liability to Bidders/ Applicants.
8. For Quotation Document and other information please consult to the below address.

Address: Palhinandan Rural Municipality, Belashpur, Nawalparasi West

## ओमनमा रोजगार

कम्पनीः **PERFECT REFLECTION FACILITIES MANAGEMENT SERVICES** शहरः OMAN
पूर्व स्वीकृत मितिः २०८१/०५/२७ चलानी नं.: ६०२२५२९२ L.T. No.:310754 पुन विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब OR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cleaner Public Buildings / Cleaners | 24 | 4 | स. काममा दक्ष | 100 | ३५,८०५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ माघ २८, २९ र ३० गते (10, 11, & 12 February 2025) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | नि शुल्क |

**S. P. M. OVERSEAS PVT. LTD.**
Bhimsengola, Old Baneshwor-9 Kathmandu, Nepal, Tel: 4587837,4589795
Kathmandu Contact No : 984-2151398 / 981-3127393 / 9706534871
Email: Spmoverseas@gmail.com, Web.: Www.spmoverseas.com
Gov. Lic No. 817/066/067

## बहराइनमा रोजगार

कम्पनीः **MUMBAI FUSION BAHRAINI PARTNERSHIP COMPANY** शहरः BAHRAIN
पूर्व स्वीकृत मितिः२०८१/१०/१५ चलानी नं.: ६०२३२१२२ LT. No.: 317882

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब BD | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cleaner General | 3 | 0 | स. काममा दक्ष | 120 | ४३,८८२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ माघ २३ गते (5 February 2025) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | रु. १०,००० कामदारले |

**प्रोटेक नेपाल इम्प्लोइमेन्ट प्रा. लि.**
गोंगबु-६, काठमाडौं, नेपाल, फोनः ५९०६९२३, ५९०४९५१, Email : cv.protechnepal@gmail.com
Contact No:9840006120, 9851052907
श्रम इजाजत नं. ७९०/०६५/०६६

गो.द.का.द.नं. ३३/०६९/०७०
१६ माघ २०८१ बुधबार
29 January 2025, Wednesday

दिगो र न्यून कार्बन अर्थतन्त्रका लागि ऊर्जा रुपान्तरण सम्मेलन, २०२५

# शून्य कार्बन लक्ष्यसहित दिगो ऊर्जा विकासको प्रतिबद्धता

**मध्यान्ह सवाददाता**
काठमाडौं १५ पुस ।



ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री दीपक खड्काले ऊर्जा विकासलाई दिगो, समावेशी र न्यून कार्बन अर्थतन्त्रको आधार बनाउन सरकार योजनाबद्ध ढंगले अघि बढिरहेको बताएका छन् । मन्त्री खड्काले विकास परियोजनामा जोखिम न्यूनीकरण, आन्तरिक ऊर्जा खपत वृद्धि, निर्यात र प्रवर्द्धनलगायत योजनालाई कार्यान्वयन गर्दै दिगो विकासको मार्गमा सरकार अघि बढिरहेको बताए। वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्रले आयोजना गरेको एक दिने दिगो र न्यून कार्बन अर्थतन्त्रका लागि ऊर्जा रुपान्तरण सम्मेलन, २०२५ मा मन्त्री खड्काले सो बताएका हुन् ।

उक्त कार्यक्रममा मन्त्री खड्काले केही समयअघि सरकारले सार्वजनिक गरेको १० वर्षे ऊर्जा विकास रणनीतिबारे पनि चर्चा गरे। 'बलियो सरकार भएका बेला बलिया र राम्रा काम गर्नुपर्ने बेला छ, अबको १० वर्षमा ऊर्जा क्षेत्रमा के-कस्ता काम गर्ने भनेर १० वर्षे रणनीति बनाई कार्यान्वयनमा ल्याइएको छ,' उनले भने, 'सन् २०३५ सम्ममा २८ हजार पाँच सय मेगावाट बिजुली उत्पादन गर्ने लक्ष्य सम्भव छ, यसका लागि हामीले विभिन्न कानुन परिमार्जन गरेर समयानुकूल बनाएका छौँ, त्यस्तै आगामी १० वर्षमा प्रतिव्यक्ति ऊर्जा खपतलाई वार्षिक एक हजार पाँच सय युनिट पुऱ्याउने लक्ष्य राखेका छौँ ।'

नेपालले सन् २०४५ सम्ममा शून्य कार्बन उत्सर्जनको लक्ष्य हासिल गर्ने प्रतिबद्धता गरेको छ । मन्त्री खड्काले यो लक्ष्य प्राप्तिका लागि सरकारसँग बलियो योजना रहेको र आवश्यक कानुन परिमार्जन तथा संरचना निर्माण गरिसकिएको समेत जानकारी दिए। 'पूर्वाधार निर्माणका क्रममा सिर्जना हुने जोखिमलाई कसरी न्यून गर्न सकिन्छ भनेर गम्भीरताका साथ सोच्नुपर्ने बेला आएको छ, जोखिम अध्ययन गरेर त्यसको न्यूनीकरणका लागि आवश्यक कार्य गर्न जरुरी छ,' मन्त्री खड्काले भने।

उनले दिगो विकासका लागि दातृ निकाय र विकास साझेदारको सहयोगलाई प्रभावकारी रूपमा उपयोग गर्नुपर्नेमा पनि जोड दिए । सम्मेलनमा जलस्रोत तथा सिँचाइ सचिव सरिता दवाडीले सतप्रतिशत विद्युतीकरणका लागि नवीकरणीय ऊर्जामा लगानी बढाउन आवश्यक रहेको बताइन् । 'सरकारले नीति, योजना, कानुन बनाउँदा नवीकरण ऊर्जा प्रवर्द्धन र ऊर्जा दक्षतालाई महत्व दिएको छ, प्रसारणलाइन नपुगेका स्थानमा वैकल्पिक ऊर्जाका स्रोतबाट पनि विद्युतीकरण गर्नुपर्नेछ,' उनले भनिन्, 'यस्ता कतिपय कुरा नीति एवं कार्ययोजनामा समावेश भएका छन् भने कतिपय हुन बाँकी छन्, यस विषयमा सरकारले ध्यान पुऱ्याउनेछ।' नेपालस्थित बेलायती राजदूतावासका विकास निर्देशक तथा उपराजदूत पिपा बर्डले नवीकरणीय ऊर्जा प्रवर्द्धनका लागि हरित वित्त परिचालनमा जोड दिइनुपर्ने बताए । 'जलवायुवित्त, ग्रिन बन्डलगायत नवीनतम वित्तीय परिचालन र वैदेशिक लगानी प्रवर्द्धन गरी नवीकरणीय ऊर्जाका आयोजना विकासमा नेपालले जोड दिनुपर्छ,' उनले भने ।

त्यस्तै, वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्रका कार्यकारी निर्देशक नवराज ढकालले ऊर्जा प्रणालीलाई दिगो, भरपर्दो बनाउने र ऊर्जा सुरक्षाका क्षेत्रमा थप उपलब्धि हासिल गर्ने गरी विभिन्न विकास साझेदार तथा निजी क्षेत्र, स्थानीय तहसँग सहकार्य भइरहेको बताए। विद्युतको पहुँच नपुगेका ठाउँमा पुऱ्याउने, फोहोरबाट ऊर्जा, सौर्य ऊर्जा, वायु ऊर्जा, ऊर्जा भण्डारण, विद्युतीय साधनको मापदण्ड निर्धारण, विद्युतीय सवारी प्रवर्द्धनलगायत विषयमा थप काम गर्न बाँकी रहेको उनको भनाइ छ। इसिमोडका महानिर्देशक पेमा ग्याम्सोले ऊर्जा सुरक्षा खाद्य सुरक्षासँग पनि जोडिएको विषय रहेको बताए ।

नेपालले सार्वजनिक यातायातको क्षेत्र, कृषि, पर्यटनलगायत क्षेत्रमा स्वच्छ ऊर्जाको प्रयोग बढाएर थप लाभ लिनसक्ने पर्याप्त सम्भावना रहेको उनले बताए। प्राकृतिक विपद्को जोखिम भएका नेपाल, भुटानजस्ता देशमा ठूलोभन्दा पनि साना जलविद्युत आयोजना निर्माणमा बढी जोड दिनुपर्ने उनको सुझाव छ ।

# चेम्बर र इजरायलले सूचना प्रविधि क्षेत्रमा सहकार्य गर्ने




**काठमाडौं/मस –** नेपाल चेम्बर अफ कमर्स र इजरायलबीच सूचना प्रविधि लगायतका क्षेत्रमा लगानीका लागि सहकार्य गर्ने सहमति भएको छ । इजरायलमा शान्ति स्थापना भएसँगै सूचना प्रविधि, कृषि, पर्यटन एवं हस्पिटालिटी लगायतका क्षेत्रमा रोजगारीका लागि सहकार्य गर्ने सहमति भएको हो। चेम्बरका अध्यक्ष कमलेशकुमार अग्रवाल र नेपालका लागि इजरायलका राजदूत स्मुलिक एरी बासबीच यसअघि भएका सहकार्यलाई निरन्तरता दिएर नेपालमा थप लगानी विस्तार गर्ने सहमति भएको हो ।

इजरायलको कृषि, सूचना प्रविधि नेपालमा भित्र्याउने बारेमा अध्यक्ष अग्रवालले राजदूत बाससँग आग्रह गरे । सरकारको पढ्दै कमाउँदै कृषि कार्यक्रम, घरेलु कामदारमा इजरायलमा जाने नेपालीलाई निरन्तरता दिन एवं हस्पिटालिटी निर्माण क्षेत्रमा समेत नेपाली कामदारहरूलाई रोजगारी दिन अध्यक्ष अग्रवालले राजदूत बाससँग आग्रह गरे।

नेपालको जलविद्युत, पर्यटन, होटल लगायतका क्षेत्रमा इजरायलेको लगानीका लागि समेत अध्यक्ष अग्रवालले आग्रह गरे । नेपालमा हालै संशोधन गर्न लागिएका कानूनहरूले लगानीको वातावरण सहज भएकाले नेपाल चेम्बर र इजरायलका व्यवसायीहरूबीच बी टु बी माध्यामबाट लगानीका अवसरहरू खोज्नुपर्ने अध्यक्ष अग्रवालको भनाइ छ।

चेम्बरका निवर्तमान अध्यक्ष राजेन्द्र मल्लले इजरायल र नेपालबीच आईटी क्षेत्रमा लगानीको वातावरण बनाउनुपर्ने बताए। उनले अन्य देशको तुलनामा नेपालको सूचना प्रविधिजन्य व्यवसायमा जनशक्ति सस्तो र भौगोलिक दृष्टिकोणले उपयुक्त भएको बताए। चेम्बर पदाधिकारीसँगको भेटका क्रममा राजदूत बासले नेपाल जस्तो देशमा सहकार्य गर्न पाउँदा आफू निकै खुसी भएको प्रतिकृया दिए ।

इजरायल सरकार नेपालसँग घरेलु कामदार, कृषिसँगै अन्य क्षेत्रको श्रमिक लैजानका लागि पनि सम्झौता गर्न तयार रहेको बताए । इजरायलको न्यूनतम ज्याला नै १६ सय अमेरिकी डलर रहेकाले त्यसको लाभ नेपालले लिनुपर्ने उनको भनाइ छ । दुवै देशका लगानीकर्ताबीच भेटघाट र छलफलका लागि सहजिकरण गर्ने राजदूत बासले बताए ।

## कर्पोरेट

# गरिमाका ग्राहकलाई वात्सल्य नेचुरल आईभिएफमा छुट



**काठमाडौं/मस –** गरिमा विकास बैंकका ग्राहकले वात्सल्य नेचुरल आईभिएफको सेवामा छुट पाउने भएका छन्। बैंक र वात्सल्यबीच आईभीएफ उपचार पद्धतिमा आकर्षक छुट प्रदान गर्ने सम्बन्धमा सम्झौता भएसँगै बैंकका ग्राहकले छुट पाउने भएका हुन् ।

बैंकको तर्फबाट लाजिम्पाट क्षेत्रीय कार्यालयका क्षेत्रीय प्रबन्धक रमेश रिजाल र वात्सल्य नेचुरल आईभिएफको तर्फबाट डिजिटल तथा मिडिया म्यानेजर नविन विष्टले उक्त छुट सम्बन्धी सम्झौता पत्रमा हस्ताक्षर गरेका हुन्। पछिल्लो समयमा मानवीय जीवनशैलीमा आएको परिवर्तन, तनाव, खानपिन एवं बढ्दो उमेरले युवा पुस्ताहरूमा वृद्धि हुँदै गईरहेको निसन्तानपनको उपचारका लागि वात्सल्य नेचुरल आईभिएफसँग विशेष छुट प्रदान गर्ने गरी सम्झौता गरिएको हो । सम्झौता पश्चात यस विकास बैंकका सम्पूर्ण ग्राहकहरूले वात्सल्य नेचुरल आईभिएफमा निसन्तान सम्बन्धी उपचारको प्याकेजमा एकमुष्ठ १०, हजार, प्याथोलोजी परीक्षणमा १० प्रतिशत र औषधीमा ५ प्रतिशत छुट प्राप्त गर्नेछन् । विकास बैंकका खातावाल ग्राहक, डेबिट तथा क्रेडिट कार्डहोल्डरहरूले वात्सल्य नेचुरल आईभिएफको सम्पूर्ण आउटलेटहरूबाट उक्त छुट प्राप्त गर्नेछन् ।

# साहारालाई लुम्बिनी विकास बैंकको आर्थिक सहयोग




काठमाडौं/मस - साहारा फुटबल एकेडेमीलाई लुम्बिनी विकास बैंकले आर्थिक सहयोग गरेको छ । लुम्बिनी विकास बैंकले आफ्नो संस्थागत सामाजिक उत्तरदायित्व कार्यक्रम अन्तर्गत विगत लामो समय देखि आर्थिक सहयोग उपलब्ध गराउँदै आएको पोखरा-१७ दोबिल्लामा सञ्चालित साहारा फुटबल एकेडेमीमा आश्रित विद्यार्थीहरूको समुन्नतिको लागि आर्थिक सहयोग स्वरूप २ लाख ४५ हजार रुपैयाँ सहयोग हस्तान्तरण गरेको हो ।

उक्त सहयोग हस्तान्तरण कार्यक्रममा बैंक सञ्चालक समितिका सदस्य रामचन्द्र सिग्देल र अर्जुन थापाले संयुक्त रूपमा साहारा फुटबल एकेडेमीका अध्यक्ष केशवराज बराललाई सहयोग रकम बराबरको चेक हस्तान्तरण गरेका थिए । उक्त अवसरमा सञ्चालक अर्जुन थापाले साहारा फुटबल एकेडेमीमा आश्रित विद्यार्थी बाल-बालिकाहरुलाई सहयोग गर्न पाउनु खुसीको कुरा रहेको समेत बताए।

बैंकले प्रदान गरेको आर्थिक सहयोगका लागि आभार प्रकट गर्दै साहारा क्लबका अध्यक्ष बरालले सहयोग रकम एकेडेमीमा आश्रित बाल-बालिकाहरूको खाजा र खानाका लागि खर्च गरिने बताए । कार्यक्रममा बैंकका पोखरास्थित शाखाहरूका प्रबन्धकहरू, क्लबका वरिष्ठ उपाध्यक्ष पूर्णबहादुर गुरुङ, उपाध्यक्ष चित्रबहादुर पुन, कोषाध्यक्ष विनु राना मगर, सह–कोषाध्यक्ष अशोक लालचन, पूर्व सह–कोषाध्यक्ष लिल बहादुर थापा, पुर्व अध्यक्ष बिक्रम थकाली र सल्लाहकार सुनिल गुरुङ लगायतका सरोकारवालाहरूको उपस्थिति रहेको थियो ।

एकेडेमीमा हाल ४० कठिन एवं विपन्न परिस्थितिका बालकहरू छन् । साहारा क्लब पोखराले उनीहरूको लालनपालन, शिक्षासँगै फुटबल प्रशिक्षण दिँदै आएको छ । क्लबले २०६१ सालदेखि एकेडेमी सञ्चालन गरिरहेको छ ।

# सिटिजन्स बैंक र बाईकर्स क्याफेबीच समझदारी




**काठमाडौं/मस –** सिटिजन्स बैंक इन्टरनेशनल लिमिटेड र नक्साल, काठमाडौंस्थित बाईकर्स क्याफेबीच सिटिजन्स बैंकका ग्राहकहरूलाई विशेष छुट दिने समझदारीपत्रमा हस्ताक्षर भएको छ। सो समझदारीपत्रमा हस्ताक्षर पश्चात् सिटिजन्स बैंकका कार्डबाहक र मोबाइल बैंकिङ ग्राहकहरूले बाईकर्स क्याफेमा १५ प्रतिशतसम्मको आकर्षक छुट पाउनेछन् । यस किसिमको सहकार्यबाट बैंकका ग्राहकहरू लाभान्वित हुनुका साथै नगद कारोबारबाट डिजिटल कारोबार तर्फ उत्प्रेरित हुने विश्वास बैंकले लिएको छ।

बैंकले डिजिटल बैंकिङ माध्यमहरूको प्रयोगलाई बढाउन र ग्राहकहरूलाई डिजिटल माध्यमबाट भुक्तानी गर्न प्रोत्साहन गर्न समय समयमा ग्राहकमैत्री सुविधाहरू सञ्चालनमा ल्याउँदै आएको छ। डिजिटल कारोबार गर्दा पाइने छुट सम्बन्धी विस्तृत विवरणहरू सिटिजन्स बैंकको वेबसाइटमा प्राप्त गर्न सकिनेछ ।

# लगानी तथा व्यवसायबारे सहकार्यको समझदारी




**काठमाडौं/मस –** नेपाल मर्चेन्ट बैंकर्स संघ र एशोसिएशन अफ इन्भेष्टमेन्ट बैंकर्स अफ इन्डिया (एआईबीआई) बीच मंगलबार लगानी व्यवसायबारेमा पारस्परिक सहयोग र सहकार्यसम्बन्धी साझेदारी सम्झौता भएको छ । भारतको मुम्बईस्थित जियो वर्ल्ड कन्भेन्सन सेन्टरमा आयोजित एशोसिएशन अफ इन्भेस्टमेन्ट बैंकर्स अफ इन्डिया (एआईबीआई) को १३ औं वार्षिक सम्मेलनमा सम्झौता भएको हो।

नेपाल मर्चेन्ट बैंकर्स संघका तर्फबाट अध्यक्ष रामेन्द्र रायमाझी र एआईबीआइका तर्फबाट अध्यक्ष महावीर लुनावतले उक्त सम्झौतामा हस्ताक्षर गरे । नेपाल मर्चेन्ट बैंकर्स संघ र एशोसिएशन अफ इन्भेष्टमेन्ट बैंकर्स अफ इन्डियाबीच सम्पन्न सम्झौताअनुसार भारत र नेपालका मर्चेन्ट बैंकरहरूबीच सीप विकास तथा व्यावसायिक क्षमता अभिवृद्धि गर्ने, नैतिक मापदण्ड कायम गर्ने, व्यावसायिक विकास सँगसँगै नियामक निकायहरु सँगको समन्वयलाई बढावा दिन र सूचना तथा प्रविधिको विकासमा पारस्परिक सहयोग र सहकार्य प्रदान गरिनेछ।

लगानीका नविनतम प्रविधिको प्रयोगबाट क्षमता अभिवृद्धि सहित व्यावसायिक विकास र विस्तारमा दुई एशोसियशनहरूबीच भएको यस सम्झौताले महत्वपूर्ण भूमिका खेल्ने विश्वास गरिएको छ।

एशोसिएशन अफ इन्भेस्टमेन्ट बैंकर्स अफ इन्डिया (एआईबीआई) को मुम्बई बान्द्रा कुर्ला कम्प्लेक्सस्थित जियो वर्ल्ड कन्भेन्सन सेन्टरमा आयोजित १३औं सम्झौतामा हस्ताक्षर गर्दा सेबीका अध्यक्ष माधबी पुरी बुच, एआईबीआईका अध्यक्ष महावीर लुनावत लगायत उपस्थित रहेका थिए ।

त्यस्तै, कार्यक्रममा नेपाल मर्चेन्ट बैंकर्स संघका अध्यक्ष रामेन्द्र रायमाझी, निवर्तमान अध्यक्ष विजयलाल श्रेष्ठ, उपाध्यक्ष मनिषनारायण जोशी, महासचिव निर्मल भट्टराई, कोषाध्यक्ष शिभान्तबहादुर पाण्डे, सदस्यहरू लेखनाथ पोखेल र सन्दीप कार्कीको उपस्थित थिए ।

संस्कृति र सांस्कृतिक सम्पदाको संरक्षण गरौं

- संस्कृति र सांस्कृतिक सम्पदा हाम्रा पहिचान हुन्, यिनीहरुको संरक्षण गर्नु हाम्रो दायित्व हो,
- सांस्कृतिक विविधता वीच एकता कायम राखौं,
- सांस्कृतिक धरोहरहरुको प्रचारप्रसार र सुरक्षा गरौं,
- सम्पदा वरिपरि सफा राखी सभ्य समाज निर्माण गरौं,
- सामाजिक मेलमिलाप र भाइचारा कायम राखौं,

सांस्कृतिक सम्पदाको संरक्षण र सम्मानमा हातेमालो गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

प्रदेश सभा सचिवालय
लुम्बिनी प्रदेश
राप्ती उपत्यका, (देउखुरी), नेपाल

विद्युतीय बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

सूचना प्रकाशित मितिः २०८१/१०/१६

यस सचिवालयको मिति २०८१/०८/१२ मा मध्यान्ह दैनिकमा प्रकाशित विद्युतीय बोलपत्र आह्वानको सूचना नं SOPA/ WORKS/ NCB/२०८१/८२-०२ बाट बिद्युतीय बोलपत्रको माध्यमवाट पेश हुन आएका बोलपत्रहरुको मूल्याङ्कन समितिबाट मूल्याङ्कन हुँदा तपशिल बमोजिमको विद्युतीय बोलपत्र सार्वजनिक न्यूनतम सारभूत रुपमा प्रभावग्राही देखिएकोले स्वीकृतिको लागि छनौट गर्ने निर्णय भएको हुँदा सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा २ र ३ प्रयोजनार्थ जानकारी गराइन्छ साथै सोही ऐनको दफा ४७ को उपदफा (१) प्रयोजनार्थ सबै बोलपत्रदाताहरुलाई यसै सूचना मार्फत जानकारी गराइन्छ।

| सि. नं | सूचना नं | खरिद कार्यको विवरण | छनौट भएको दरभाउपत्र प्रस्तावदाताको विवरण | कवोल रकम भ्याट बाहेक |
|---|---|---|---|---|
| १ | SOPA / WORKS / NCB / २०८१/८२-०२ | सभामुख निवास बराखुट्टी मा विविध निर्माण तथा मर्मत कार्य। | देउखुरी कन्स्ट्रक्सन प्रा.लि. काठमाण्डौ। | २५८२१२५।७० |

प्रकाशक: **सीतादेवी श्रेष्ठ**, कार्यालय: कमलपोखरी, काठमाडौं, फोन: ०१–५३२६३६६, ०१–५३२८२९८, ई-मेल: madhyanhadaily59@gmail.com, ad.madhyanha@gmail.com (विज्ञापन), **मुद्रक:** एक्सप्रेस कलर प्रेस, सम्पादक: **मदनकुमार श्रेष्ठ**